# स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना

## LOCAL DISASTER AND CLIMATE RESILIENCE PLAN-LDCRP

प्रकाशक

गेरूवा गाउँपालिका, बर्दिया

# गेरुवा गाउँपालिकाको नक्सा




| | | |
|---|---|---|
| दस्ताबेज | : | स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना |
| प्रकाशक | : | गेरूवा गाउँपालिकाको कार्यालय गेरूवा, बर्दिया |
| प्रकाशन मिति | : | २०७७ |
| सर्वाधिकार | : | प्रकाशकमा |
| सहयोग | : | नेपाल रेडक्रस सोसाइटी, बर्दिया जिल्ला शाखा, |
| | | गुड नेवर्स इन्टरनेशनल नेपाल तथा सोनाहा बिकास समाज, बर्दिया |
| सहजीकरण | : | महेशचन्द्र गौतम, गौरीलाल बुढाथोकी, रत्न के.सी. र प्रकाश शर्मा |

**मिति २०७७/१०/२९ गते बसेको गेरुवा गाउँपालिका गाउँसभाबाट स्विकृत**

# गेरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### पशुपतिनगर, बर्दिया
### लुम्बिनी प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्षको शुभकामना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित गेरुवा गाउँपालिका विविधताले भरिएको स्थानीय तह हो । मिति २०७३/११/२७ गते विधिवत रुपमा साविकका गोला, पाताभार, पशुपतिनगर र मनाउ गाउँ विकास समितिलाई एकीकृत गरी निर्माण भएको यस गेरुवा गाउँपालिका प्राकृतिक साधन स्रोत, मनोरम वातावरणले भरिपूर्ण अनुपम भौगोलिक क्षेत्र हो । पूर्वमा गेरुवा नदी, उत्तरमा कर्णाली नदि, पश्चिममा कणाली नदी र दक्षिणमा राजापुर नगरपालिका सिमाना रहेको गेरुवा गाउँपालिकाको गाउँ पार्श्वचित्र २०७५ अनुसार ७००० घरधुरी र ४० हजार भन्दा बढी जनसंख्या भएको स्थानीय तह हो । मुख्यतया थारु समुदायको बसोबास रहेको यस क्षेत्रमा ब्राहमण, क्षेत्री र दलित तथा अन्य समुदायको समेत उल्लेखनिय उपस्थिति रहेको पाइन्छ । ६ वटा वडा कार्यालय रहेको यस स्थानीय तह बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ ।

सुन्दरता, विकासको सम्भावना, कृषिको लागि अत्यन्त उर्वर भूमी भए सँगै विपद्का दृष्टिकोणबाट गेरुवा गाउँपालिका देशकै अत्यन्त जोखिम क्षेत्रको रुपमा चित्रित हुन पुगेको छ । भिमकाय कर्णाली नदीको दुई भंगालो बीच अवस्थित यस गाउँपालिका बर्दिया राष्ट्रिय निकुञ्जका जनावरहरु बाट समेत प्रताडित हुन पुगेको छ । मानव-जनावर बीचको द्वन्द्वका घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन भने वाढीको सम्भावना पनि जलवायुमा भईरहेको परिवर्तनले गर्दा झनै जोखिम बढेर गएको देखिन्छ । विगतमा दिनहरुमा राष्ट्रिय रुपमा मात्र विपदको प्रतिकार्यका कार्यक्रम संचालन भईरहेको र यस क्षेत्रसम्म केन्द्रको पहुँच सामान्यमात्र रहेको अवस्थामा गेरुवा गाउँपालिका स्थापना भई जननिर्वाचित पदाधीकारीहरुको बहाली सँगै विपद प्रतिकार्यलाई स्थानीयकरण गरिनुपर्ने महसुश भए बाट गेरुवा गाउँपालिकाले स्थानीय विपद प्रतिकार्य योजना निर्माणको थालनी गर्न पुगेको हो ।

गेरुवा गाउँपालिका स्थापना सँगैको छोटा समयमै विपद सम्बन्धी कानूनहरु निर्माण हुन गई कार्यान्वयनमा गएकोमा प्रथम निर्वाचित जनप्रतिनिधिहरुको महत्वपूर्ण कार्यको रुपमा मैले लिएको छु । उक्त कार्यलाई एक कदम विस्तार गरी यस क्षेत्रमा उत्पन्न हुने सक्ने र भईरहेको प्राकृतिक र गैर प्राकृतिक दुवै प्रकारका विपदहरुको व्यवस्थित एंव योजनाबद्ध ढंगले पूर्वतयारी, सामना गर्ने र व्यवस्थापन गर्ने कार्यलाई लिपीवद्ध गरी स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण भएको छ ।

विगतका दिनहरुमा विपदका घटनाहरुबाट भएका धनजनको क्षतीलाई न्यूनीकरण गर्दै विपदको योजनावद्ध तवरले प्रतिकार्य गर्ने कार्यमा यस योजना कोशेढुगां सावित हुनेमा मैले विश्वास लिएको छु । यस कार्यमा प्रत्यक्ष एंव अप्रत्यक्ष रुपमा सामिल भई योजना निर्माण गर्न सहयोग गर्नु हुने जनप्रतिनिधिहरु, जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला रेडक्रस बर्दिया शाखा, प्रमुख प्रशासकीय अधिकृत कासी प्रसाद पंगेनी लगायत गेरुवा गाउँपालिकाका कर्मचारीहरु, सोनाहा विकास समाज, गुड नेवर्स इन्टरनेसनल, दस्तावेज लेखनकर्ता महेश गौतम र गेरुवा गाउँपालिका विपद सम्पर्क व्यक्ति प्रकाश शर्मा लगायतका संस्था तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, यस विपद प्रतिकार्यको दस्तावेजले आगामी दिनहरुमा गेरुवा गाउँपालिकामा आउन सक्ने सम्भावित विपदका घटनाहरुलाई दस्तावेजमा उल्लेखित जिम्मेवार व्यक्ति तथा निकायहरु बाट प्रभावकारी रुपमा विपदको सामना गर्न सक्नेमा अत्यन्त सहयोगी सावित हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

जमान सिंह केसी

अध्यक्ष एंव विपद व्यवस्थापन समिति संयोजक

गेरुवा गाउँपालिका, बर्दिया

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बर्दिया, गुलरिया

स्थाई लेखा न. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ.
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
Website:daobardiya.moha.gov.np
Email:daobardiya@moha.gov.np,
daobardiya@gmail.com

# मेरा भनाई

बिगत देखि बर्तमानलाई हेर्दा समग्र बर्दिया जिल्ला र गेरुवा गाउँपालिका पनि बाढी, जँगली जनावरको आतँक, आगलागी, हावाहुरी, शितलहर, खडेरी, चट्याङ जस्ता विपद्हरुका दृष्टिकोणबाट अति नै जोखिममा छ भने बाढी एक प्रमुख प्रकोप रहेको छ जसबाट ठुलो धनजनको क्षती हुनुकासाथै भौतिक पूर्वाधारलाई असर पुऱ्याउँदै कैयौ बस्ती बिस्थापित हुँदै आएका छन । विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ (संसोधित ऐन २०७६) पारित भै आउंदा पनि समस्याहरु प्रभावकारी सम्बोधन हुन कठिनाई भैरहेको सन्दर्भमा बिपद्को कारण हुने मानवीय तथा भौतिक क्षतिको मात्रालाई कम गर्न स्थानिय तहमा पनि विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गरि कार्यान्वयन हुन जरुरी छ । प्रकृति र प्राकृतिक विपद्सँग लड्नु भन्दा पनि सावधानी अपनाउनु बुद्धिमानी हुने विषयलाई मध्यनजर राख्दै योजनाको बनाउँन प्रारम्भ गरिएको यो अभ्यास "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७" राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) को मार्गदर्शनमा आधारित भएर निर्माण गर्ने प्रयास स्वागत एवम् अनुशरणिय छ र यसले विपद् तथा जलवायू उत्थासिल र पूर्वतयारी तथा प्रतिकार्यमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

गेरुवा गाउँपालिकाको विपद् तथा जलवायू उत्थानशिल योजना प्रकाशनमा आउँदा म ज्यादै हर्षित छु । बिगतका वर्षहरुमा त्यस पालिकामा भएका बिपदहरुबाट धैरै जनधनको क्षति व्यहोर्नु परेको तितो अनुभव र दैनिक जसो जँगली जनावरहरुको आतंकले हामी सबैलाई चिन्तीत बनाएको छ । विपद्का कारणबाट प्रभावित भएका समुदायमा खोज तथा उद्धार एवं राहतका गतिविधिहरु एकद्धार प्रणालीमा संचालन र सम्पन्न गर्न यो योजनाले ठुलो टेवा पुऱ्याउने विश्वास लिएको छु ।

यो योजना तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबै राजनैतिक दलका प्रतिनिधिहरु, सम्बन्धित विषयगत शाखाका प्रमुख तथा सदस्यहरु, बुद्धिजीवी बर्ग लगायतलाई धन्यवाद ज्ञापन गर्दछु । साथै यस योजनालाई अन्तिम रुप दिन सहजिकरण तथा प्राविधिक सहयोग पुऱ्याउने नेपाल रेडक्रस सोसाइटी बर्दिया जिल्ला शाखा, गेरुवा उपशाखा, गुड नवर्स इन्टरनेशनल तथा सोनाहा विकास समाज, जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा यो योजना आफैमा एक दस्तावेज भएकाले यसलाई सम्बद्ध सबै निकाय र क्षेत्रहरु योजना अनुरुप आ-आफ्नो जिम्मेवारीकासाथ विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहने र कार्यान्वयनमा ल्याउने अपेक्षा गर्दछु ।

**धन्यवाद**

सन्त बहादुर सुनार
प्रमुख जिल्ला अधिकारी
एवं अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति,
बर्दिया

**Nepal Red Cross Society**
**Bardiya District Chapter**

Gulariya Municipality-05, Red Cross Marg,
Matanga Tole, Bardiya
Phone: +977-084-420125, 421182
Fax: +977-084-420845
Email: nrcs.bardiya06@gmail.com
Blood Bank:- 084-420835

*Ref. No.:* २०७७/१०/२७

# शुभकामना

मानवीय सहायताका क्षेत्रमा विभिन्न गतिविधिहरु संचालन गर्दै आएको विश्वव्यापी संस्था रेडक्रसले विपद्-व्यवस्थापन तथा समुदाय उत्थानशिलता सम्बन्धि अन्य धेरै कार्यक्रमहरू अभियानका साझेदार राष्ट्रिय सोसाइटीहरू एवं द्विपक्षीय साझेदारहरुसँग सहकार्य गर्दै सर्वत्र संचालन गर्दै आइरहेको छ। २०२० भाद्र १९ गते नेपालमा स्थापित नेपाल रेडक्रस सोसाइटी वर्दिया जिल्लामा पनि मानविय सहायताका लागि २०२९ पौष १३ गते स्थापना भई विपद्-व्यवस्थापनको क्षेत्रमा रेडक्रसले महत्वपूर्ण योगदान गर्दै आएको छ। देशभरका ७७ जिल्ला शाखा र स्थानिय स्तरमा क्रियाशिल १५०० उपशाखाहरु मार्फत विपद्-व्यवस्थापन, स्वास्थ्य सेवा, संगठन विकास, रेडक्रस प्रचार प्रसार तथा मानविय मूल्य प्रवर्द्धन एवं अन्य सेवाहरू विभिन्न साझेदार संस्थाहरु र आफ्नै श्रोतबाट संचालन गर्दै आएको छ।

नेपाल रेडक्रस सोसाइटीले विपद् व्यवस्थापन तथा अन्य सामाजिक कार्यका सन्मर्दमा नेपाल सरकारको सहयोगी निकायका रूपमा नेपाल भित्र सेवा मूलक कार्य गर्दै आएको छ। यसैक्रममा नेपाल रेडक्रस सोसाइटी वर्दिया शाखा र स्थानिय विपद् तथा जलवायू उत्थानशिल समिति गेरुवाको सहकार्य निरन्तर भईरहेको छ र भविष्यमा निरन्तर रहने छ जसकालागि जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रमा वर्दिया रेडक्रसको तर्फबाट सन् २०१५ देखि १ जना सूचना व्यवस्थापन अधिकृतको व्यवास्थापन गरी समर्ग विपद् व्यवस्थापनको प्राविधिक सहयोग र सहकार्यतामा होस्टेमा हैसे प्रदान गरिरहेको छ भने हाल गुलरिया, बारवर्दिया र ठाकुरबाबा नगरपालिका पनि १-१ जना पालिका सहायकको व्यवस्थापन गरिएको छ। विपद् व्यवस्थापनका क्षेत्रमा जिल्ला तथा स्थानिय तहका विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्य उपलब्धि मूलक देखिएको अनुभव विगतका बाढी विपद् प्रतिकार्य गर्ने क्रममा प्राप्त अनुभव र सहकार्यले स्पष्ट पारेको छ। विपद् प्रतिकार्यलाई अझै प्रभावकारी बनाउन विगत देखि नै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउँदै आएको र यस कार्यमा नेपाल रेडक्रस सोसाइटी वर्दिया जिल्ला शाखा तथा गेरुवा उपशाखाको सहकार्यमा नियमति रुपमा भैरहेको छ।

स्थानिय विपद् तथा जलवायू उत्थानशिल योजनाको आधारमा गेरुवा गाउँपालिकाका क्षेत्रगत अगुवा शाखाहरुको नेतृत्वमा विपद् प्रतिकार्यका कार्यहरू हुँने कुरा प्रति विश्वस्त गराउन चाहन्छौ। सोही अभ्यासको निरन्तरता स्वरुप यो योजना प्रकाशनका लागि सहकार्य गर्ने गुड नवर्स इनटरनेशनल नेपाल तथा सोनाहा विकास समाज, नेपाल रेडक्रस सोसाइटी वर्दिया जिल्ला शाखाद्वारा संचालित आपतकालिन प्रतिकार्यका लागि पूर्वतयारी कार्यक्रम र गेरुवा उपशाखा, स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकारवाला निकाय प्रति आभार प्रकट गर्दछौं। आशा एवं विश्वास छ कि गेरुवा गाउँपालिकामा विगतमा भएका विपद्को स्मरण र भविष्यमा हुनसक्ने विपद्लाई मध्यनजर गरी तयार पारिएको यो योजनाले विगतको भन्दा अझ प्रभावकारी रुपमा विपद् प्रतिकार्य गर्न उपयुक्त मार्गदर्शन गर्नेछ र प्रतिकार्यका काम कार्यवाहीलाई अझ द्रुत रुपमा संचालन गर्न यो योजना सहयोगी हुनेछ।

धन्यवाद।

भवदीय

कृष्ण प्रसाद गौतम
सभापति

# खण्ड - १ : परिचय

## १.१ पृष्ठभूमि :

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ । विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं तथा जलवायु परिर्वतनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ । गृहमन्त्रालयको तथ्यांक अनुसार विगत दुई वर्षमा मात्र १३ प्रकारका प्रकोपहरु अन्तर्गत जम्मा २९४० विपद्का घटनाहरु घटेको देखिन्छ । यस अवधिमा मात्र ९७०८ जनाको मृत्यु भएको देखिन्छ भने २०७२ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८९७० जनाको ज्यान गएको थियो । यस तथ्यांकले नेपालका प्राय सबै भूभाग बहुप्रकोपको जोखिममा रहेको पुष्टि गर्दछ ।

गेरुवा गाउँपालिका विभिन्न बहुप्रकोपको जोखिममा रहेको एक कृषी प्रधान तथा पर्यटनको संम्भावित गाउँपालिकाको रुपमा रहेको छ । यस गाउँपालिका बाढी/डुवान/कटान, हावाहरी, जंगली जनावर, आगलगी, सडक दुर्घटना, शितलहर, चट्याङ्ग समस्या (डेन्गु, झाडापखला, खडेरी र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६७ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७,दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै गेरुवा गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटी बर्दिया, गुड नेवर्स इन्टरनेशनल नेपाल तथा सोनाह बिकास समाज बर्दियाको आर्थिक सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०७७ निर्माण गरी लागु गरिएको छ ।

## १.२ गेरुवा गाउँपालिकाको भौगोलिक, जनसाँख्यिक तथा सामाजिक अवस्था :

लुम्बिनी प्रदेश अन्तर्गत बर्दियामा रहेको गेरुवा गाउँपालिका चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ । यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु, हात्ति मृघ आदि) अवलोकन गर्न पाइन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पाताभार, गोला पशुपतिनगर र मनाउ गा.वि.स. समावेश गरी जम्मा ६ वडाहरू कायम गरी गेरुवा गाउँपालिका घोषणा गरिएको हो ।

| समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| पाताभार | १, ६,७–८ | १ |
| पाताभार | ३–५ | २ |
| पाताभार | २, ९ | ३ |
| गोला | १–९ | ४ |
| पशुपतिनगर | १–९ | ५ |
| मनाउ | १–९ | ६ |



बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा गेरुवा गाउँपालिका रहेको छ। यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरूमा साना व्यापार, सेवामुलक व्यवसाय, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढीरहेको छ। यस गाउँपालिकामा आधारभूतदेखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। वडागत जनसंख्या विवरण तलको तालिकामा दिईको छ।

**तालिका नं.-१**

**वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण :**

| वडा न | घरधुरी | अक्सर बसोवास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | | जम्मा जनसंख्यामा वडागत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | १,०७५ | २,६८३ | २,८६६ | ५,५४९ | ७३९ | २५१ | ९९० | ३,४२२ | ३,११७ | ६,५३९ | १६.०८ |
| २ | ९४७ | २,०५४ | २,४७२ | ४,५२६ | ६५७ | १५१ | ८०८ | २,७११ | २,६२३ | ५,३३४ | १३.१२ |
| ३ | १,००३ | २,४३९ | २,६०० | ५,०३९ | ५५२ | १६३ | ७१५ | २,९९१ | २,७६३ | ५,७५४ | १४.१५ |
| ४ | १,३०९ | ३,१६० | ३,५१२ | ६,६७२ | ७८६ | ३०८ | १,०९४ | ३,९४६ | ३,८२० | ७,७६६ | १९.१० |
| ५ | १,४३४ | ३,०९६ | ३,७०२ | ६,७९८ | १,३०९ | ३९२ | १,७०१ | ४,४०५ | ४,०९४ | ८,४९९ | २०.९१ |
| ६ | १,२२९ | २,३६३ | ३,०५१ | ५,४१४ | १,०२६ | ३२२ | १,३४८ | ३,३८९ | ३,३७३ | ६,७६२ | १६.६३ |
| **जम्मा** | **६,९९७** | **१५,७९५** | **१८,२०३** | **३३,९९८** | **५,०६९** | **१,५८७** | **६,६५६** | **२०,८६४** | **१९,७९०** | **४०,६५४** | **१००.००** |

गाउँपालिकामा रहेका कूल ६,९९७ घरधुरीहरूमध्ये अक्सर बसोबास गर्ने कूल जनसंख्या ३३,९९८ र हाल गाउँपालिकामा अनुपस्थित जनसंख्या ६,६५६ गरी गाउँपालिकामा कुल जनसंख्या ४०,६५४ रहेको छ। जसमा २०,८६४ पुरुष र १९,७९० महिला छन्। वडागत विवरणअनुसार सबैभन्दा धेरै घरधुरीहरू भएको वडा न. ५ जहाँ १,४३४ घरधुरीहरू र सबैभन्दा कम घरधुरीहरू भएको वडा भने वडा नं. २ जहाँ ९४७ घरधुरीहरू रहेका छन्। वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण समेत सामान्यतया समान किसिमको देखिन्छ। प्रत्येक वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ।

### १.२.१ भौगोलिक अवस्था :

बर्दिया जिल्लामा अवस्थित यस गाउँपालिकाको विश्व मानचित्रमा भौगोलिक अवस्थिति २८० २४'१८.१७" देखि २८०३५'३६.०४" उत्तरी आक्षांससम्म र ८१०८' ५१" देखि ८१०१५' १२ " पूर्वी देशान्तरसम्म फैलिएको छ र समुद्री सतहबाट १४५ देखि १८० मिटरसम्मको उचाइमा रहेकोछ। त्यसैगरी ७८.४१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर गाउँपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर गाउँपालिका रहेका छन्।

## १.३ हावापानी :

जलवायुको हिसाबले यस गाउँपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधार मानि गेरुवा गाउँपालिकाको तापक्रम अनुमान गरिएको छ। गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं.-२**

| क्र.सं. | महिना | औषत अधिकतम (°C) | दैनिक औषत (°C) | औषत न्युनतम (°C) |
|---|---|---|---|---|
| १ | जनवरी | २३ | १५ | ७ |
| २ | फेब्रुवरी | ३० | १९ | ८ |
| ३ | मार्च | ३५ | २३ | ११ |
| ४ | अप्रील | ४० | २८ | १६ |
| ५ | मे | ४१ | ३२ | २३ |
| ६ | जुन | ४० | ३३ | २६ |
| ७ | जुलाई | ३७ | ३१.५ | २६ |
| ८ | अगस्ट | ३३ | २९ | २५ |
| ९ | सेप्टेम्बर | ३३ | २७.५ | २२ |
| १० | अक्टोबर | ३३ | २३.५ | १४ |
| ११ | नोभेम्बर | ३१ | २० | ९ |
| १२ | डीसेम्बर | २७ | १७ | ७ |

## २.९ जलस्रोत तथा नदि नालाहरू :

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ। नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन्। यी नदीनालाहरूबाट सिँचाइ सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ। तर समग्रमा समुचित र व्यापक ढंगले जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न। गाउँपालिकामा स्थानीय परम्परागत प्रविधिको प्रयोग गरी निर्माण गरिएका विशाल कूलोहरू जस्तै बूढी कूलो, खुटेहना कूलो, चारगाउँ कूलो यहाँका विशेष आकर्षणहरू हुन्। यस गाउँपालिका भएर बग्ने खोला तथा नदिहरू यसप्रकार छन्।

| क्र.सं. | नदी तथा खोलाको नाम | नदिले छोएका वस्तीहरू | वडा नं. | लम्बाई |
|---|---|---|---|---|
| १ | कर्णाली नदी | सरखोल, बनकट्टी, सनकट्टी, लोहारपुर, खुटेहना | १, २, ३ | ११, कि.मि. |
| २ | पाताभार कूलो | राजीपुर, उल्टनपुर, पाताभार | २, | ६, कि.मि. |
| ३ | खुटेहना कूलो | राजीपुर, बनघुस्रा, टिकूलीगढ, भैरमपुर | २, | ३, कि.मि. |
| ४ | बूढी कूलो | गणेशपुर, भगतपुर, वालुवाटार, बनकट्टी | ३, | ५, कि.मि. |
| ५ | गेरुवा नदी | गोविन्दपुर,जोघीपुर, मनाउ, प्रसेनीपुर, गुप्तिपुर, नौरङ्ग | ५ र ६, | |
| ६ | चारगाउँ कूलो | गोला, खल्लागाउँ | ५, | |

**व्यापारिक केन्द्रहरूको विवरण :**

यस गाउँपालिकामा बिहानी बजार, शान्तिबजार, खोल्टिबजार, प्रशेनी लगायतका प्रमुख बजार केन्द्रहरू रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, गेरुवा गाउँपालिकाबाट थोक व्यापारसमेत हुने गरेको छ। खुद्रा व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत केही मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ। यस गाउँपालिकामा रहेका साना तथा घरेलु उद्योगहरू सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.-३**

| क्र.सं. | बजार/व्यापारिक केन्द्रको नाम | वडा नं. | मुख्य व्यापारिक वस्तुहरू |
|---|---|---|---|
| १ | विहानी बजार | १ | दैनिक उपभोग्य सामान |
| २ | शान्ति बजार | ३ | अति आवश्यक पर्ने सामानहरू किन बेच हुने |

**विपद्को जोखिम र संकटासन्ता :**

यस गाउँपालिको प्रकोप तथा विपद्को दृष्टिले बाढी जन्य प्रकोपबाट उच्च जोखिम भएको पाइन्छ । यस गाउँपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलबायु विविधता र संवेदनशीलता लाइ हेरदा यस गाउँपालिकामा १४ प्रकोपहरु रहेको पाइन्छ । खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापको अभाव, अवैज्ञानिक भू उपयोग, असुरक्षित संरचना निर्माण जस्ता कारणले भूक्षय ,सुख्खाग्रस्तता, आगलागी, एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भइरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाइ नियाल्दा यस गाउँपालिकामा देहायका प्रकोपहरुबाट प्रभावित गरेको पइन्छ। यस गाउँपालिकामा रहेको प्रकोपहरु निम्नानुसार छन । **बाढी/डुवान/कटान,हावाहुरी, जंगली जनावर, आगलागी, सडक दुर्घटना, शितलहर, हुरीवतास, स्वास्थ्य समस्या (डेन्गु, झाडापखला), खडेरी र जलवायु परिवर्तन**माथिका प्रकोपहरुलाई जोखिमको आघारमा ९ वटा प्रकोपलाई स्तरिकरण गर्दा पहिलो, दोस्रो देखि नऔंसम्म निम्न प्रकोपहरु रहेको देखिन्छ ।

**१) बाढी/डुवान/कटान, हावाहरी, २) जंगली जनावर, ३) आगलागी, ४) सडक दुर्घटना, ५)हुरीवतास, ६) शितलहर,७) स्वास्थ्य समस्या (डेन्गु, झाडापखला) ८) खडेरी र ९) जलवायु परिवर्तन**

विगत ३ वर्ष लाई हेरदा गेरुवा गाउँपालिकामा हावाहुरीको प्रकोप अधिक देखिन थालेको छ ।

**१.३ योजनाको औचित्य/उद्देश्य :**

नेपालको भौगोलिक, सामाजिक, आर्थिक र प्राविधिक अवस्थाका कारण वर्षेनी ११०० जना भन्दा बढीको विभिन्न विपद्बाट मृत्यु हुने गरेको छ भने हजारौ संख्यामा घाइते तथा अपाङ्गता भईरहेका छन । विपद्का घटनाले नियमित विकासलाई समेत प्रत्यक्ष असर गरेको छ,, वार्षिक करौडको आर्थिक क्षती हुने गरेको छ भने सार्वजनिक भौतिक संरचनाको क्षतीले सेवा पहुँचमा समेत असर गर्ने गरेको छ । विश्व विपद् जोखिमको अवस्था हेर्दा नेपाल भूकम्पिय जोखिमबाट ११ औं स्थान, बाढीको जोखिमबाट ३० औ स्थान, जलवायु परिर्वतनको असरबाट ४ औ स्थानमा रहेको छ । उल्लेखित तथ्थाङ्कका आधारमा नेपाल बहुप्रकोपको जोखिममा रहेको छ, जहाँ कूनैपनि भौगोलिक क्षेत्रहरुलाई कम जोखिमको हिसावले आंकलन गर्न सकिदैन । वर्तमान नेपालको संघिय शासन संरचना अनुसार स्थानिय तहदेखि नै विपद् ब्यवस्थापनलाई प्राथमिकताको क्षेत्रमा राखि कार्य गर्न विभिन्न नीति नियम तथा कानूनले निर्देशित गरेको छ। यसै अनुरुप गेरुवा गाउँपालिकासम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम न्यूनिकरण तथा पूर्व तयारीका कार्य गर्न, विपद्को प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न योजनाबद्ध कार्यक्रम तर्जूमा गरी, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा तयार गर्नु नै यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाकोमुख्य उद्देश्य हो, जसले :

(क) गेरुवा गाउँपालिका भित्रका स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गर्छ ।

(ख) यस योजनाले गेरुवा गाउँपालिका भित्र विपद तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ ।

(ग) गेरुवा गाउँपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ ।

(घ) आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ ।

(ङ) विपद् जोखिम न्यूनीकरण कार्यक्रमलार्य स्थानीय तहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्न ।

(च) गेरुवा गाउँपालिकासमुदायहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धी गरी विपद्को समयमा अति संकटासन्न समुदाय तथा परिवारहरुलाई पर्ने असरहरु कम गर्दै विपद जोखिम न्यूनीकरणमा सामुदायिक तहको अर्थपुर्ण सहभागिता सूनिश्चित

गर्नेछ । आन्तरिक तथा बाह्य स्रोतको माध्यमबाट स्थानिय सबै तहमा पूर्वतयारी, जोखिम न्यूनिकरणका उयापहरुको कार्यान्वयनमा कोशेढुंगाको कार्य गर्दछ ।

**१.४ योजनाको आवश्यकता तथा महत्व :**

बाढी/डुवान/कटान, हावाहरी, जंगली जनावर, आगलागी, सडक दुर्घटना, शितलहर, हुरीवतास, समस्या (डेन्गु, झाडापखला, खडेरी र जलवायु परिवर्तन बढी जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा सांगठनिक रुपमा कमजोर हुन्छन् । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, विपद कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु, विपद्को समयमा स्वास्थ्यका आधारभूत आवश्यकताको परिपूर्ति हुन नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य प्रकोपहरुसंग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ । यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ। गेरुवा गाउँपालिकाको प्रकोप पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारबालाहरु वीच समन्वय गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ ।

विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोगका लागि तथा सम्भावित विपदको जोखिम कम गर्नका लागि विपद जोखिम व्यवस्थापन योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुच पुऱ्याउन र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानि तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्गनिर्देश गर्नेछ । त्यसका साथै श्रोतको सहि परिचालन तथा पहिचान गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । यसै आवश्यकतालाई महशुस गर्दै यस गाउँपालिकामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभाकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो । यो योजना गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगममा सोनाहा बिकास समाज र डेनिस रेडक्रस सोसाइटीको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी बर्दियाको सहयोगमा गेरुवा गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा पालिकास्तरीय विपद् तथा जलवायू उत्थानशिल समिती (Local Disaster and Climate Resilience Committee (LDCRC) गठन गरी उक्त समितिले पालिका कार्यपालिका, स्थानीय जनप्रतिनिधी, रेडक्रस, प्रहरी, स्थानिय राजनैतिक दल, विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधी, बालवालिका, महिला, स्थानिय स्तरका संघ-संस्था, आदीवाशी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, समाज सेवी लगायतसँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ ।

**१.५ योजनाका सीमा :**

गेरुवा गाउँपालिकाको योजना निर्माणको लागि, गाउँपालिकामा गठन भएको योजना निर्माण समितिका संयोजक तथा सबै सदस्यहरु, गेरुवा गाउँपालिका, विपद् सम्पर्क व्यक्ति, नेपाल रेडक्रस सोसाइटीको अगुवाइमा विपद् व्यवस्थापन समितिका संयोजक तथा सदस्यहरु, राजनितीक दल, सामाजिक संघ-संस्थाका प्रतिनिधिहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधहिरु, दलित र अपाङ्गता भएका व्यक्ति लगायत सम्पूर्ण क्षेत्रको सहभागिता संकटासन्नता तथा क्षमता विश्लेषण (Vulnerability and Capacity Assessment-VCA) का विभिन्न औजारहरुको प्रयोग गरिएको छ । गेरुवा गाउँपालिका विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाबाट गरिएको छ । योजना कार्यान्वयनका लागि गाउँपालिकाको विकास योजनासँग एकिकृत गरि कार्यान्वयनलाई सुनिश्चित गरिनेछ ।

**यस योजना तर्जुमा गर्दा निम्न नीति, निर्देशिका तथा ऐन का सीमाहरुमा रहेर गरिएको छ ।**

- सुचना संकलनलाई तथ्यपरक र सहि सुचनाका लागि विभिन्न सुचना संकलनका औजारहरुको प्रयोग, परिक्षण, पूनरावलोकलन तथा पून परिक्षण गरिएको छ । समुदायमा लक्ष्यीत समूह छलफल, मुख्य सुचनादाताहरुको अर्न्तवार्ता, सरोकारवाला संघ संस्थाहरु सँगको अन्तरक्रिया गरिएको छ । भाषागत सहजताका लागि स्थानिय सहजकर्ताहरुको परिचालन र सुचनाहरुको दोहोरो परिक्षण गरिएको छ ।
- नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण

गरिएको छ । समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।

- विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थानिय तहका सरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ ।
- योजना निर्माण गर्दा यस गेरुवा गाउँपालिकामा २०० बढी सहभागीको प्रत्यक्ष उपस्थितिमा सबै वडाहरुमा १/१ दिनको योजना तर्जुमा कार्यशाला गोष्ठी, २ वटा बैठक, १ वटा तालिम तथा अन्तरक्रिया, सबै वडाहरुमा लक्ष्यीत समूह छलफल र सबै वडाहरु मा संकटासन्नता तथा क्षमता लेखाजोखाको औजारको प्रयोग र उक्त कार्यशाला, गोष्ठी तथा संकटासंन्नता तथा क्षमताको लेखाजोखाबाट, जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र तथा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ मारहेको तथ्य तथ्याङ्ग, राय सुझाव, गेरुवा गाउँपालिकामा भएको तथ्याङ्ग, सामाजिक स्रोत नक्सा तथा गेरुवा गाउँपालिका सवै वडामा गरिएको संकटासन्नता तथा क्षमताको आंकलन (VCA) प्रतिवेदनलाई समेत आधार मानी तयार गरिएको छ ।

## १.६ योजना निर्माण प्रक्रिया विधि :

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिकाले निर्देशित गरे अनुसारका ५ वटा तहलाई क्रमानुसार मध्येजनर गरी यो योजना निर्माण प्रक्रिया सम्पन्न गरिएको छ । योजना निर्माण प्रक्रिया अनुसार तह १, २ र ३ लाई पूर्ण रुपमा यस योजनाले समेटेको छ भने तह ४ र ५ का लागि निर्देशित मार्ग प्रशस्त गरेको छ, जहाँ गेरुवागाउँपालिकाले प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ । यस योजना निर्माण क्रममा नियमित गाउँपालिका सँगको बैठक तथा अन्तरक्रिया, योजना उपसमितिको सहभागिता र सहयोग, वडा विपद् ब्यवस्थापन समितिको बैठक र अन्तरक्रिया, संकटासन्नता तथा क्षमता विश्लेण तालिमप्राप्त ब्यक्तित्वहरुको परिचालन र सुचना संकलन, वडा तथा समुदायमा गरिएको लक्ष्यीत वर्ग क्षलफल, गाउँपालिका स्थानिय विपद् ब्यवस्थापन समितिसँग गरिएको कार्याशाला सुचनामाथीको पृष्ठपोषण र प्रथम तथा द्बितिय नमूना योजना खाँका प्राप्त पृष्ठपोषणहरु यस योजना निर्माणमा अपनाईएको प्रक्रियाहरु हुन् । योजना तर्जुमा गर्दा गेरुवा गाउँपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सवै सरोकारवालाको सहभागितालाई सुनिश्चित गरिएको छ ।



विगतका वर्षहरुको विपद्को अवस्थाहरुको वारेमा विश्लेषण गरीएको छ। गेरुवा गाउँपालिकाको सामाजिक आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण तथा गाउँपालिकाको सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ। कार्ययोजनामा मुख्यतया भूकम्प, बाढी, आगलागी, स्वास्थ्य समस्या, सडक दुर्घटना, हावाहुरी, चट्याङ्ग, शितलहर, जंगली जनावर आतंक, आदि विपद् पुर्व, विपदको समय र विपद् पश्चात गर्नुपर्ने पूर्वतयारी, विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य तथा पूनरलाभका गतिविधिहरु, तौर तरिका, जिम्मेवारी र कार्य प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ।

**१.७ योजना कार्यान्वयन रणनीति :**

नेपाल सरकारको विपद् व्यवस्थापन ऐन २०७४, कानून, नीति तथा निर्देशिकाले निर्देशित गरे अनुरुप तथा गेरुवा गाउँपालिकाको विकास योजना अनुसार विकासका गतिविधिहरु संचाललनका क्रममा विपद् जोखिम न्यूनिकरणलाई मूल प्रवाहिकरण गरि दिगो विकासका माध्यमबाट यस योजनाको कार्यन्वय गर्ने मूल रणनीति रहनेछ। आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनका माध्यमबाट प्राथमिकता प्राप्त न्यूनिकरणका योजना, आवश्यक दक्ष जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक व्यवस्थापनका मूख्य क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना कार्यान्वयनको मूल रणनीति रहनेछ। यसका अलावा दिर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुट्टै कार्यसंचालन रणनीति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रणनीति लिइनेछ। यस योजनालाई मूर्तरुप दिन निम्नानुसारका तत्कालिन नीति अंगिकार गरिएको छ।

- योजनालाई गेरुवा गाउँपालिकाकोपालिकासभाबाट अनुमोदन गराई वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ।
- शिक्षा तथा सचेतना विना विपद् न्यूनिकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी, विपद् व्यवस्थापनका सबै तहरुमा सुचना, शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिईनेछ।
- गाउँपालिका तथा वडास्तरमा आवश्यकता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइने छ।
- विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रकृत गरी संचालन गरिनेछ।
- जिल्ला विपद् व्यवस्थापन तथा स्थानिय वडा विपद् व्यवस्थापन समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई परिचालन गरिनेछ।
- योजना कार्यान्वयनको लागि गाउँपालिकाको आन्तिरिक वजेट ब्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार, मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायरुसँग समन्वय गरिने छ।
- स्थानीय ज्ञान, शिप, प्रविधी र श्रोत तथा साधनको अधिकत्तम उपयोग गरी विपद् जोखिम तथा जलवायु उत्थानशिल योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

**१.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :**

यस योजनाको प्रभावकारी कार्यान्वय तथा लक्ष्य प्राप्तीका लागि गेरुवागाउँपालिकाको सहयोग र स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिको सहकार्यमा विभिन्न्न तह तथा निकायहरुबाट नियमित अनुगमन तथा सुपरिवेक्षण, पूनरावलोकन तथा समिक्षा र मूल्याङ्कन गरिनेछ भने स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जूमा निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भए अनुसार प्रत्येक ५ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गरिनेछ।

- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिति, गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, सोनाहा बिकास समाज र नेपाल रेडक्रस सोसाइटी तथा अन्य साझेदार निकायहरुबाट नियमित अनुगमन तथा सुपरीवेक्षण र समिक्षा गरिनेछ।
- गेरुवा गाउँपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ।
- गेरुवा गाउँपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ।

- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिने छ ।
- योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ ।
- प्रत्येक बर्ष गेरुवा गाउँपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीको सुधार गरिने छ ।
- अनुगमन मुल्याङ्कन गर्दा स्थानीय वडा तथा समुदायको राय सुझावलाई आधार मानिने छ ।
- योजनाको प्रभावकारीताको अध्ययनको लागि हरेक वर्ष गेरुवा गाउँपालिका स्तरमा एक कृत्रिम घटना अभ्यास संचालन गरिनेछ ।

## खण्ड - २ : सङ्कटासन्नता तथा क्षमता विश्लेषण :

### २.१ प्रकोपको पहिचान तथा स्तरीकरण :

संकटासन्नता तथा क्षमता विश्लेषण अन्तर्गतको महत्वपूर्ण औजार प्रकोप पहिचान तथा स्तरिकरण अनुसार गाउँपालिकाको भौगोलिक अवस्था, उपलब्ध क्षमता र संकटासन्ताका आधारमा प्राय सवै वडा तथा समुदायका प्रकोपहरु मिल्दाजुल्दा छन् । वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको समयमा गरिएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ६ वटै वडाको प्रकोप स्तरीकरणलाई गाउँपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र गेरुवा गाउँपालिकाको प्रकोपलाईस्तरीकरण गरिएको छ। संकटासन्नता तथा क्षमता विश्लेषण तालिम प्राप्त प्रतिनिधिमूलक समूहकार्य, वडा स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिको छलफल र निर्णय, स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा उप समितिसँगको अन्तरक्रिया र गाउँपालिका स्तरिय स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिसँगको अन्तरक्रिया र समूहकार्यका आधारमा प्रकोपको पहिचान तथा स्तरिकण गरिएको छ । गाउँपालिकाको विपद्को ऐतिहासिक विवरण, समुदायको अनुभव, वर्तमान जोखिमको अवस्था र संकटासन्नताको आधार, प्रकोप तथा यसका जोखिमहरु र जलवायू परिवर्तनको प्रभावलाई विश्लेषण गर्दा मुख्य रुपमा **बाढी/डुवान/कटान,जंगली जनावर, हावाहरी, आगलगी, सडक दुर्घटना, शितलहर, हुरीवतास, स्वास्थ्य समस्या (डेन्गु, झाडापखला), खडेरी र जलवायु परिवर्तन** जस्ता प्रकोपको जोखिम बढी रहेको पाइन्छ भने आन्तरिक द्वन्द्ध, घरेलु हिंसा विभिन्न वाली रोगहरु समेतले जनजिवन प्रभावित गर्ने रहेको छ । यस विश्लेषणले पालिकामा ९ प्रकोपरु रहेको र सोको जोखिम फरक-फरक वडाहरु तथा समुदायको सम्मुखता रहेको पाईन्छ । यो योजनाले समग्र गाउँपालिकालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य ९ वटा प्रकोप तथा समस्यालाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत **बाढी/डुवान/कटान** प्रमुख प्रकोप तथा समस्याको रुपमा देखिएको छ भने **जंगली जनावर** दोस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । बढ्दो सवारी चापका कारण हुने गरेको **सवारी दुर्घटना** तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधारमा र **हावाहुरी** चौथो, **आगलागी** पाँचौ, **शितलहर** छैठौ, **स्वास्थ्य समस्या (डेन्गु, झाडापखाला)** सातौ **खडेरी** आठौमा र **जलवायु परिवर्तन** नवौमा स्तरिकरण भएको छ । नेपालको भौगोलिक अवस्था, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

| प्रकोप/समस्या | बाढी डुवान र कटान | जंगली जनावर | आगलागी | सडक दर्घटना | हावाहुरी | शितलहर | वास्थय समस्या (डेन्ना, | खडेरी | जलवायु परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी/डुवान/कटान | | बाढी/डुवान/कटान | | | | | | | |
| जंगली जनावर | | | जंगली जनावर | | | | | | |
| आगलागी | | | | आगलागी | | | | | |
| सडक दुर्घटना | | | | | सडक दर्घटना | | | | |
| हावाहुरी | | | | | | हावाहुरी | | | |
| शितलहर | | | | | | | शितलहर | | |
| स्वास्थ्य समस्या (डेन्गु, झाडापखला) | | | | | | | | स्वास्थ्य समस्या(डेन्गु | |
| खडेरी | | | | | | | | | खडेरी |
| जलवायु परिवर्तन | | | | | | | | | |

| जम्मा अंक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्तर | | | | | | | | | |

**२.२ प्रकोप विश्लेषण :**

गाउँपालिका भौतिक, सामाजिक र धारणागत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ। बाढी डुवान र कटान जङ्गली जनावरबाट हुने क्षति यस पालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ। चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशामा छुटिएको छ। कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१ र २०७४ सालमा गएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा प्रत्येक वर्षका विपद् घटना र २०७४ सालको वाढीलाई मध्यनजर गर्दा प्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ । स्वास्थ्य र आयजिविकामा प्रतिकुल असर गर्ने गरेको पाइन्छ । यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर गाउँपालिका वडा नं. १० कोठियाघाटसम्म गेरुवा नदिमा १५-२० फिट उचाई तथा १५-५० फिट चौडा बाँधको निमार्ण गरी ठाउँ-ठाउँमा गेटको निमार्ण गरि वर्षातको समयमा जम्मा भएको पानि निसासमा सहज हुने देखिन्छ। यस गाउँपालिकाको दोस्रो तथा प्रमुख प्रकोपको रुपमा रहेको जंगली जनावरले वर्षेनी लगाइएको अन्नवाली घर तथा मानविय क्षतिगरेको पाइन्छ । बर्दिया राष्ट्रिय निकुञ्जमासंग जोडिएको कारणले जंगली हात्तिहरुको आतंक अत्याधिक रहेको पाइन्छ। यसको व्यवस्थापनको लागि एक हातसम्म बाँधले व्यवस्थापन गर्ने भएता पनि त्यस बाँध माथी क्यानेल तार यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर नगरपालिका वडा नं. १० कोठियाघाटसम्म गर्नुपर्ने देखिन्छ। जंगली जनावरले विषेश गरि वडा नं. १,४,५,६ लाई उच्च जोखिमा तथा अन्य वडाहरु मध्यम जोखिममा रहेको छ।

बढ्दो शहरीकरण, भवन निर्माण आचारसंहिताको पालनामा, सचेतना र पूर्व तयारीका गतिविधिहरुमा कमी जस्ता कारणले भूकम्पको जोखिम दिनानुदिन थपिदो क्रममा रहेको छ । यस प्रकोपबाट सार्वजनिक तथा नीजि भौतिक संरचनाहरु बढी जोखिममा रहेका छन् जसले मानिसको मृत्यु तथा घाईते हुने, स्वास्थ्यमा प्रत्यक्ष असर हुने, जिविकोपार्जनमा समस्या जस्ता जोखिमहरु उच्च रहेको छ । सचेतनाको अभाव, लापरवाही र एकै स्थानमा जोडिएर बनेका घरहरु, प्रज्वलनशिल निर्माण सामाग्रीको प्रयोगबाट बनेका घरहरु, परम्परागत सोच, गुइठाँलाई इन्धनका रुपमा प्रयोग गरिने परम्परा र असुरक्षित विद्युत प्रयोजन गर्ने अभ्यासका कारण आगलागी पालिकाको अर्को प्रकोपको रुपमा रहेको छ। बढ्दो जनसंख्या, नियमित सरसफाईको अभाव, शौचालय प्रयोगमा कमी, अब्यवस्थित ठोस तथा तरह फोहर ब्यवस्थापन संयन्त्र, ढल निकासको समस्या, पानी निकासको समस्याबाट सिर्जित डुवानको समस्या, मौसममा आएको फरकपना, खानपीन ब्यवहारमा आएको परिवर्तन, खुला खाद्य पदार्थको वेचविखन तथा प्रयोग, सचेतनामा आभाव र सेवा पहुँचमा अभाव जस्ता कारणले विभिन्न समुदायहरु स्वास्थ्य समस्याबाट गुज्रेको पाइन्छ जसले झाडापखाला, डेगुँ, आखाँ तथा छालाजन्य रोगहरु जस्ता समस्याहरुलाई थप समस्याको रुपमा सिर्जना गरेको छ । बढ्दो सवारी चाप, अब्यवस्थित सवारी पार्किङ, ट्राफिक नियमबारेको सचेतनामा कमी तथा लापरवाही, साघुँरा सडक र सडक पुनर्निर्माण तथा सुधारमा कमजोरीका कारण सडक दुर्घटना पालिकाकाको अर्को समस्याको रुपमा रहेको छ । मौसमा आएको परिवर्तनका कारण विगत ५-६ वर्ष यताबाट बढ्न गएको चिसोपना र जाडो समयमा भएका वृद्धिका कारण, मौसमी सुचना पहुँचमा अभाव र पूर्वतयारीको कमीले शितलहर यस पालिकाको अर्को प्रमुख समस्याको रुपमा देखा परेको छ। यस्तै मौसमि हावाहुरी अन्नबालीमा पार्ने प्रभावका कारण यी समस्याहरुले पालिकाको जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव गर्ने गरेको देखिन्छ।

| क्र. सं. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|---|
| १ | भूकम्प | सचेतनाको अभाव, कमजोर संरचना निर्माण, पूराना संरचनाहरु, नीति कार्यान्वयनमा समस्या, क्षमताको अभाव, | भौगोलिक अवस्थिती<br>भू-धरातलको वनोट परम्परागत मान्यता, | घाईते, मृत्यु, भौतिक संरचानाको नष्ट,<br>पशुचौपाया क्षती,<br>प्राकृतिक सम्पदा ध्वस्त, आर्थिक | सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीति निर्माण, नीति कार्यान्वयन, पुर्व तयारी (सिप, साधान र स्रोत), प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको ब्यवस्थापन, आकासिमक कोष ब्यवस्थापन, भवन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पूर्वतयारीको कमी अव्यवस्थित शहरीकरण<br>बसाई सराईको चाप | अवसरको कमी,<br>नीतिगत अस्थिरता<br>(भौतिक, सामाजिक, धारणगत) | अभाव, खाद्य समस्या, आन्तरिक द्वन्द्व, महिला हिंसा | आचारसंहिताको पालना, सुरक्षित स्थान पहिचान, प्रवलिकरण तथा भुकम्प प्रतिरोधात्मक नीजि तथा सार्वजनिक संरचनाको निर्माण, सडक विस्तार तथा विकास, कृत्रिम घटना अभ्यास, |
| | बाढी, डुवान,कटान | नदि किनारमा बस्ती, सचेतनाको अभाव, पूर्वसुचनामा अविस्वास,<br>प्राकृतिक स्रोतको दोहन,<br>वन विनास,<br>अव्यवस्थित बसाई सराई, अविरल वर्षा, | कमजोर भु वनोट, भिरालो जमिन, अवसरको कमी,<br>नीतिगत अस्थिरता<br>(भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु भौतिक, संरचानाको नष्ट पशुचौपाया क्षती प्राकृति सम्पदा, खेतीयोग्य जमिन क्षती, झाडापखला, छालारोग, खाद्य आभाव, कुपोषण, महिला हिंसा, | व्यवस्थीत वृक्षारोपण तथा वन फडानी रोक्ने सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, पूर्व सुचना प्रणालीको विकास, अभिवृद्धि, न्यूनिकरणको उपायको स्थापना,<br>सुरक्षित स्थानको पहिचान गर्ने<br>पुर्व तयारी (सिप, साधान र स्रोत)<br>प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको व्यवस्थापन, आकास्मिक कोष व्यवस्थापन, कृत्रिम घटना अभ्यास, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | स्वास्थ्य समस्या ( झाडापखाला, डेन्गु, आँखा तथा छालाजन्य रोग र प्रजनन स्वास्थ्य) | सचेतना आभाव, ढल निकासमा समस्या तथा नहुनु, ठोस तथा तरल फोहोर व्यवस्थापनमा कमी खुला दिसा पिसाव, प्लाष्टिक जन्य पर्दार्थको प्रयोग, वातावरण प्रदुषण, स्वास्थ्य सेवा पहुँचमा कमी, सार्वजनिक शौचालयमा कमी तथा व्यवस्थापन अभाव, विद्यालयमा छात्र छात्राको लागि अलग शौचालयको अभाव,स्वास्थ्य सम्वन्धि परम्परागत धारणा, | परम्परागत धारणा, नीतिगत अस्थिरता, स्वास्थ्य सेवाबारे जानकारीको अभाव (सामाजिक, धारणगत) | मृत्यु, पारिवारीक तनाव, आर्थिक ब्ययभार, खाद्य आभाव, कुपोषण, बाल तथा मातृ मृत्यु, महिला हिंसा, | विभिन्न सरुवा रोगको वारेमा सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, खानेपानी शुद्धिकरण, पारिवारीक तथा सार्वजनिक शौचालयको व्यवस्था, पुर्व तयारी (दक्ष जनशक्ति, औषधी, प्रजनन स्वास्थ्य सामाग्री) ढल निकासको उचित प्रबन्ध, फोहर संकलन तथा व्यवस्थापनको प्रवन्ध, फोहर संकलन र विसर्जनको स्थानको पहिचान स्थानिय टोल विकास संस्थाको परिचालन र उचित व्यवस्थापन, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | सडक दुर्घटना | सडक सुरक्षा जचेतनामा कमी, सडक मर्मत सम्भारको कमी छाडा पशुचौपाया, बाटो पार गर्ने उचित प्रवन्धको कमी,<br>क्षमता भन्दा बढी भार बोक्नु<br>मादक प्रदार्थ सेवन गरि सवारी चलाउँनु | भौगोलिक विकटता, साघुँरा तथा कच्ची सडक, नीतिको पालना अभाव, लापरवाही ( भौतिक, सामाजिक, धारणागत) | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचानाको नष्ट पशुचौपाया क्षती,<br>आर्थिक क्षती | सामुदायिक तथा विद्यालय कक्षा, सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br>नीतिगत कार्यान्वयनमा कडाई, सडक स्तरोन्ती तथा नयाँ निर्माण, सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना, पुर्व तयारी (सिप, साधान र स्रोत)<br>प्राथमिक उपचार, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुराना सवारी साधान र सवारी परिक्षण विना संचालन गर्नु । विद्यालय सडक नजिक तथा सडक पार गरी विद्यालय जानु पर्ने अवस्था, | | | |
| | आगलागी | सचेतनाको अभाव, आगोजन्य निर्माण सामाग्रीको प्रयोग, परम्पराबादी बसोबास, सुख्खा मौसम, हुरीवतास, लापरवाही, अव्यवस्थित विद्युतिकरण, केटा केटीको पहुँचमा आगजन्य बस्तु राख्नु, परम्परागत सोच, हेलचक्राई, | परम्परागत धारण, जंगल नजिक बस्ती, कमजोर आय स्रोत, परम्परागत भौतिक संरचना (भौतिक, सामाजिक, धारणागत) | जनधनको क्षति ,वन्य पशु चौपायाको क्षति,भौतिक संरचनाको क्षती, विस्थापन, बसाईसराई र, मानिसहरु घाइते अपाङ्ग हुने । | आगोजन्य बस्तु राख्नमा होसीयारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि, पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोवासको व्यवस्था, अग्नी रेखाको निर्माण, दमकलको सेवामा वृद्धि, आग नियन्त्रणटोली गठन, दक्षता वृद्धि तथा परिचालन |
| | शितलहर | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतायरीका उपायहरुको जोहो (दाउरा, खाद्य सामाग्री, तातो कपडा) मौसमी ासुचना प्रणालीको विकास र विस्तार, स्थानिय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन |
| | खडेरी | वन जंगलको विनास, उचित सिचाई व्यवस्थापनमा कमी, परम्परागत खेती प्रणाली, बाताबरणमा आएको परिवर्तन, आगलागी, पानीका स्रोतहरु सुक्दै जानु, पानीको सतह घट्दै जानु, प्राकृतिक स्रोतको अनुचित र अत्याधिक प्रयोग | धारणागत, समाजिक र भौतिक | उत्पादनमा कमि, खाद्य अभाव,<br>खानेपानीको समस्या,<br>झाडापखला, छालारोग, आँखा संक्रमण जस्ता विभिन्न स्वास्थ्य समस्याहरु, | बृक्षारोपण, वन जंगलको संरक्षण अभियान, आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन, बैकल्पिक खेती प्रणालीको विकास र विस्तार,<br>बेमौसमी खेतीमा प्रोत्साहन, पानीका स्रोतहरुको पहिचान र संरक्षण, |
| | हुरीबतास | कमजोर निर्माण,<br>परम्परागत खेती प्रणाली,<br>वन फडानी,<br>भौगोलिक अवस्थिती<br>मौसममा आएको बदलाव | भौतिक, सामाजिक र धारणागत | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचना नष्ट (घर तथा सार्वजनिक भवनहरुको छाना उडाउनु)अन्न बालीहरु नष्ट हुन, आगलागी हुनु, खाद्य अभाव, स्वास्थ्य समस्या, गरीबी | उचित भौतिक संरचना निर्माणमा जोड, हावाहुरी प्रतिरोधि निर्माण सिप विकास, बैकल्पिक बालीको विकास, मौसमी सुचना प्रणलीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार, सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार, प्राथमिक उपचार सिप र सामग्रीको व्यवस्था, बृक्षरोपण |

| | | | | | |
|---|---|---|---|---|---|
| | जंगली जनावर | बर्दिया राष्ट्रिय निकुञ्ज किनारमा वस्ती नजिक जंगल तथा वन, वन फडानी, जंगलमा मानविय हस्तक्षेप, जंगलमा खाद्य अभाव, विस्तारित वस्तीका कारण वन अतिक्रमण | धारणगत, भौतिक, सामाजिक | घाइते, मृत्यु, स्वास्थ्यमा प्रतिकुल प्रभाव, खाद्यान्न बालीमा असर, | वन क्षेत्रमा घेराबार लगाउने, वन फडानी तथा चोरी निकासीमा बन्देज, जंगली जनावरको आहारजन्य वृक्षारोपण, समुदाय तथा बजारक्षेत्र प्रवेश गरेको जनावरहरुलाई जंगलतर्फ धपाउने समूह निर्माण र परिचालन |

### २.३ वडाको संकटासन्नता स्तरीकरण :

गेरुवा गाउँपालिकामा रहेको क्षमताका अभावका कारण विभिन्न वडा, समुदाय तथा बस्तीहरुमा भिन्न-भिन्न प्रकारका संकटासन्नताहरु रहेको पाईन्छ। बहुप्रकोपको सम्मुखतामा रहेका विभिन्न वडाहरुमा रहेको संकटासन्नताको तत्वलाई विश्लेषण गर्दा भौतिक, सामाजिकर धारणागत संकटासन्नताहरु रहेको पाईन्छ भने प्रकोपगत संकटासन्नता अनुसार जोखिमको अवस्था पनि फरक-फरक रहेको छ । अव्यवस्थित बसोवास, बढ्दो शहर केन्द्रीत बसाई सराई, कमजोर भौतिक संरचनाको निर्माण, भवन निर्माण आचार संहिताको पालना नहुँनु, पूर्वतयारीका कार्यहरुमा कमी, सचेतनामा कमी जस्ता कारणले भूकम्पप्रतिको संकटासन्नतामा वृद्धि गराएको छ । यस्तै बसाईसराई, अब्यवस्थित बसोबास, नदि किनारका बस्ती तथा खेतियोग्य जमिन, बुढीकुलो सिमानामा बाधिएको बाँधका कारण हुने गरेको पानी निकासको अवरोधले सिर्जना गरेको डुवान, बाताबरणमा आएको परिवर्ततनका कारण हुने गरेको अतिवृष्टि, प्राकृतिक साधनको दोहन र जोखीम न्यूनिकरण तथा पूर्वतायरी कार्यहरुको कमी र अब्यवस्थित विकास निर्माण कार्यका कारण पालिका प्राय वडाहरु बाढी, कटान तथा डुवानमा रहेको छन। वाताबरणमा आएको परिवर्तन, खानपानमा आएको परिवर्तन, सचेतनाको अभाव, सेवा पहुँचमा अभाव, शुद्ध खानेपानीमा असमान पहुँच खानेपानी परिक्षण तथा शुद्धिकरण अभ्यासको कमी, विद्युतिय संचारहरुको सहज पहुँच, उचित ढल निकासीको अभाव, प्लाष्टिकजन्य सामाग्रीको बढी प्रयोग, तरल तथा ठोसजन्य फोहर ब्यवस्थापनको कमी, खुला खाद्य सामाग्रीको बेचविखन तथा प्रयोजन, सार्वजनिक स्थानहरु बाल, किशोरी, अपाङ्ग तथा महिलामैत्री नहुँनु र उनीहरुको विशिष्टकृत आवश्यकता परिपूर्णतामा अभाव जस्ता कारणले स्वास्थ्य समस्याको (झाडापखला, डेन्गु, प्रजनन स्वास्थ्य, आँखा तथा छाला जन्य रोगहरु) संकटासन्नता वृद्धि भएको छ । बिरामी अवस्थामा स्वास्थ्य संस्था भएतापनि ठिक हुन्छ भनेर घरमानै बस्ने, झारफुक तथा धामी झाँक्री विश्वास, ब्यक्तिगत तथा घरायसी सरसफाईमा कमी, अब्यवस्थित पशुपालन, शौचालय प्रयोगमा कमी, सरुवा रोग तथा झाडापखाला जस्ता रोगले असर गर्ने, ब्यवस्थित ढल निकासा अभाव जस्ता कारणले स्वास्थ्य तथा सरसफाईमा थप संकटासन्नता बढेको छ जसले गर्दा समुदायहरुको जोखिम बढ्दै गएको पाईन्छ। सचेतनाको कमी सेवा पहुँचमा वाधाका कारण बालबालिका वृद्धवृद्धा तथा किशोर किशोरीहरु निमोनिया तथा रुघाखोकी, आँखा तथा छालाजन्य समस्या, झाडापखाला, डेगुँ र प्रजनन स्वास्थ्य समस्यामा बढी संकटासन्न रहेका छन् ।

समुदायमा आगलागी, हावाहुरी र खडेरी जस्ता समस्याले बढि दुःख दिन थालेको पाईन्छ । अचानक ठुलो हावाहुरी चल्नु, घरको छाना बलियो नहुनु, घरको छाना खरको हुनु जस्ता कारणले गर्दा हावाहुरीको प्रकोपमा वस्तीहरुमाभौतिक संकटासन्नता बढी देखिन्छ। सिंचाई संयन्त्र प्रभावकारी नहुनु, समयमा पानी नपर्नु, सुख्खा मौषमको अवधि बढ्नु जस्ता कारणले खडेरीको संकटासन्नता थपेको छ भने शुख्खा समयले तापक्रम भएको वृद्धिका कारण तातो हावा चल्ने, गर्मी अत्याधिक भई स्वास्थ्यमा समेत प्रतिकुल असर गरेको छ । यस प्रकारको संकटासन्नताको कारण सबै भन्दा बढि जिविकोपार्जनका माध्यमहरु बढी संकटासन्न रहेको पाईन्छ ।

त्यस्तै घरहरु बनाउँदा धेरै मात्रामा जैबिक सामाग्रीहरु जस्तै काठ, खरको प्रयोग भएको, सुख्खा मौषम बढ्ने गरेको, अव्यवस्थित विद्युतीकरण र प्रयोजन, जोडिएर बनाइएका घरहरु तथा पूर्वतयारीको कमीका कारण घरायसी आगलागीको संकटासन्नता बढेको पाईन्छ । आर्थिक कमजोरी, सचेतनाको अभाव, बाताबरणमा आएको परिवर्तत, मौसम अनुसारको सुचना सम्प्रेषण नहुनु र पूर्वतयारीको कमीले बालबालिका तथा वृद्धवृद्धाहरु शितलहरको जोखिममा बढी संकटासन्न रहेका छन्। जंगलफडानी तथा खाद्य अभावका कारण जंगली जनावर बस्ती तथा शहर तर्फ आउने बालीनालीहरुमा क्षती गर्ने, घरका खाद्य पदार्थ खाईदिने तथा बालबालिका र अन्य ब्यक्ति समेतलाई आक्रमण गर्न सक्ने कारणले वडाहरुको जंगली जनाबरको सकटासन्न्ता वृद्धि भएको छ । ट्राफिक नियमको पालनामा कमी, अत्याधिक सवारी चाप तथा सडक नजिक विद्यालय र बस्ती, जेब्रा

क्रसिङको प्रयोजनमा कमी कारण सडक दुर्घटनाको सकटासन्नतामा वृद्धि भएको देखिन्छ भने ट्राफिक नियमको सचेतना कमी र सडकमा छाडा पशुचौपायको बसोबासले समेत सडक दुर्घटनाको संकटासन्नतामा वृद्धि भएको छ ।

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानविय क्षती, प्रभावित परिवार संख्या, घरको क्षती, आर्थिक क्षती, खेतियोग्य भूमि तथा वनक्षेत्रको क्षती, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविश्यमा पार्नसक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानिय ज्ञान, सिप, क्षमता र प्रविधिलाई सुचक मानी यस गाउँपालिकाको वडागत संकटासन्नता वर्गिकरण गरिएको छ । यस विश्लेषणको आधारमा क्रमानुसार वडा न १,३,४ र ६ उच्च र २,५ नं. वडाहरु मध्यम संकटासन्न रहेको छ ।

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा | संकटासन्नता अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

### ३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैह्सरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा पालिकास्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने, स्थानिय तथा वाह्य स्रोतको पहिचान तथा परिचालनका माध्यमबाट जोखिम न्यूनिकरण, विपद् पूर्व तयारी र आवश्कता अनुसारको विपद् प्रतिकार्यका कार्यहरु गर्नु गराउनु यस योजनाको मूल नीति हुनेछ ।

### ३.५ रणनीति

- गाउँपालिकामा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।
- उक्त योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।

- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा वडा तथा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- बाढीबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने ।
- वडा तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

## खण्ड - ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्नबमोजिको प्राथमिकीकरण गरिएको छ ।

### ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु :

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणामबमोजिम अत्याधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद्पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डामा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णय :

गेरुवागाउँपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार जिम्मेवारीसहित कार्यदलहरू (समन्वय, सञ्चार तथा पूर्वचेतावनी, खोज तथा उद्धार, राहत व्यवस्थापन तथा पुनःस्थापन, क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गरिएको छ । त्यसैगरी प्रचलित नेपाल कानुनबमोजिम आवश्यकताका आधारमा नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गरिने छ ।

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :

विपद् जोखिम ब्यवस्थापनको आधारशिला नै यस प्रतिको समुदायको सजगता र जिम्मेवारीको बोध हो । जब सम्म विप्द ब्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि हुदैन त्यस क्षेत्रमा जति नै योजनाहरु संचालन गरेता पनि दिगो तथा प्रतिफल प्राप्त गर्न सकिदैन तसर्थ गेरुवागाउँपालिकाले आफ्नो क्षेत्रमा विपद्प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका निम्न गतिविधिहरु संचालन गर्नेछ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | विपद सम्बन्धी जनचेतनाको अभाव | १) गाउँपालिका स्तरमा कम्तिमा ५ दिनको विपद व्यवस्थापन प्रशिक्षक प्रशिक्षण संचालन गर्ने, | स्था.वि.तथा ज.उ समिती/ गापा | गापा, रेडक्रस तथा पालिकाका विषयगत शाखा | विकास साझेदार सरकारी तथा गैह | १ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २) प्रशिक्षक प्रशिक्षण प्राप्त व्यक्तिहरुको परिचालनमा गाउँपालिकाका ६ वडामा ( एक वडाकाकम्तिमा २-३ स्थानमा) विपद जोखिम न्यूनीकरण, जलवायू परिवर्तन असर तथा अनुकुलनका उपायहरु सम्बन्धी ज्ञान विद्यालय तथा समुदायलाई अभिमुखिकरण गर्ने ।<br>३) विपद व्यवस्थापन सम्वन्धि विभिन्न सुचना,शिक्ष तथा संचारका सामाग्रीको विकास तथा वितरण गर्ने ।<br>४) विपद् व्यवस्थापन सम्वन्धि विद्यालय कक्षा संचालन गर्ने गराउने ।<br>५) विपद व्यवस्थापन सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिन, दिवस सबै क्षेत्रमा मनाउनलाई प्रेरित गर्ने ।<br>६) विपद् जोखिम व्यवस्थापन सम्वन्धि सुचना शिक्षा, संचार सामाग्रीको विकास र वितरण | | | सरकारी निकायहरु | |
| २ | वडा स्तरमा विपद व्यवस्थापन समिति क्षमता तथा योजना नहुनु | १) गाउँपालिकाका सवै वडाहरुमा सामुदायीक विपद् व्यवस्थापन समिति गठन भएतापनि किन के का लागि र कसरी भन्ने जानकारीका लागि क्षमता विकासका तालिम तथा कार्यशाला संचालन गर्ने ।<br>२) वडामा विपद जोखिम व्यवस्थापन योजना निर्माण गराई वडा सभाबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याउने ।<br>३) वडाहरुमा प्रकोप, जोखिम तथा संकटासन्नता तथा सुरक्षित स्थानको पहिचान गरी सचेतना अभिवृद्धि गर्ने गराउने । | वडा कार्यलय | स्था.वि.तथा ज.उ समिती/ गापा | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | निति नियमहरुको प्रचार प्रसारमा कमी | १) विपद् पूर्व, विपद्को समय र विपद् पश्चात गर्नुपर्ने र यस क्षेत्रका सरोकारवालाहरुको बारेमा सचेतना अभिवृद्धि गर्ने ।<br>२) भवन निर्माण आचार संहिता, सडक सजकता जस्ता विषयमहरुमा सामुदायिक तथा विद्यालय शिक्षा कक्षाको व्यवस्था गर्ने ।<br>३) भुकम्पीय सुरक्षाका लागी सचेताना अभियान संचालन गर्ने ।<br>४) संघिय सरकार, प्रदेश सरकार र स्थानिय तहको विपद् व्यवस्थापन सम्वन्धि रहेका नीति, कानून तथा योजना बारे स्थानिय विपद् व्यवस्थापन समिति तथा वडा विपद् व्यवस्थापन समितिलाई जानकारीमूलक गोष्ठी संचालन गर्ने । | स्था.वि.तथा ज.उ समिति/ गापा | शहरी विकास डिभिजन, जिल्ला ट्राफिक कार्यालय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | |
| ४ | बस्ती, भौतिक संरचना, स्वास्थ्य संथा, विद्यालयहरु सुरक्षित स्थानमा नहुनु र समुदाय का व्यक्ति तथा बालवाकिलाहरु विपद्को प्रभावको वारेमा सचेत नहुनु | १) पालिकाभित्रका सवै वडाहरु बस्तीहरु तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु रविद्यालयहरुको जोखिम नक्सांकन गर्ने र विद्यालय सुरक्षा योजना निर्माण गर्ने<br>२) वडाहरु बस्तीहरु तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु रविद्यालयहरुको जोखिम पहिचान, सुरक्षित स्थानको पहिचान गर्ने र सोको सचेताना अभिवृद्धि गर्ने<br>३) विपद्को अवस्थामा आवश्यक सुरक्षाका लागी झटपट झोला र कृतिम घटना अभ्यास गराउने ।<br>४) विद्यालय सुरक्षाका लागि प्रत्येक दिन विहानी शत्रको समयमा विपद सम्बन्धीको सन्देश प्रभाव गर्ने ।<br>५) औपचारिक तथा अनौपचारिक स्थानिय | वडा स्तरी विपद व्यवस्थापन समिती तथा गापाको शिक्षा शाखा | स्था.वि.तथा ज.उ समिती/ गापा<br>विद्यालय सुरक्षा कार्यक्रम | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समूहहरु तथा विद्यार्थीहरुका माध्यमबाट मौसमी सुचना रअपनाउनु पर्ने सजगताको सुचना सम्प्रेषण गर्ने गराउने । | | | | |
| ५ | विपद समयमा आपतकालीन ज्ञानको अभाव | पालिकापालिका सवै वडामाभुकम्प, बाढी, पहिरो, हावाहुरी,आगलागी,चट्यांग, स्वास्थ्य समस्या, शितलहर लगायतका विपदको समयमा गर्नेपर्ने आपतकालीन पुर्वतयारीका बारेमा सचेतना अभियान सुरु गर्ने र कम्तीमा नियमित कृतिम घटना अभ्यास गर्ने । | स्था.वि.तथा ज.उ समिती/ गापा | नेपाल रेडक्रस सोसाइटी /गापा | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | प्रत्येक वर्ष |
| ६ | समन्वय तथा सहकार्यको अभाव | १) जिल्ला स्तरीय विपद समबन्धी सरोकारवाला निकाय संग प्रभावकारी समन्वय सहकार्यको विकास गर्ने<br>२) विपद् सूचना प्रणाली लाई संस्थागत रुपमा स्थापित गर्ने<br>३) सुरक्षा निकाय संगको समन्वयलाई प्रभावकारी बनाउने ।<br>४) जिल्ला स्तरीय सरोकारवाल कार्यालयहरुमा विपद सम्पर्क व्यक्ति तोक्न पहल गर्ने । | स्था.वि.तथा ज.उ समिती/ गापा | जिल्ला विपद् व्यस्वाथापन समिती | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | आवश्यकता अनुसार |
| ७ | प्रकोपगत सचेतनामा कमी | १) आपतकालिन स्वास्थ्य जस्तै भूकम्प, बाढी, शितलहर, सर्पदंश सडक दुर्घटना, आगलागी, झाडापखला, डेन्गु, प्रजनन स्वास्थ्य, सरुवा रोगका बारेमा पालिकाका सवै वडामा सचेतीकरण गर्ने ।<br>२) सवै वडा कार्यालय तथा विद्यालयहरुमा आवश्यकताको आधारमा २ थान स्टेचर र २ प्राथामिक उपचार किटको व्यवस्था गर्ने । | स्था.वि.तथा ज.उ समिती/नापा | जिल्ला विपद् व्यस्थाथापन समिती, नेपाल दुर संञ्चार | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | २ वर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३) जेब्राक्रसको व्यवस्था, विपद् जन्य सुचनाहरुको होडिङ्ग बोर्ड र सडक सुरुक्षा सचेतना अभियान गर्ने ।<br>४) मदिरा तथा लागू पदार्थ नियन्त्रणका लागी अभियन संचालन गर्ने ।<br>५) विपदको समयमा महिला तथा बालवालिकाहरुलाई र अपाङ्गको संरक्षणलाई प्रथामिकता गर्ने ।<br>६) विपद व्यवस्थापनमा सामाजिक समावेशीका आधारमा सबैको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>७) मौसममा हुन सक्ने परिवर्तन तथा हुन सक्ने विपद्का घटनाहरुका बारेमा अग्रीम जानकारी मार्फत सुरक्षा उपायहरुको अवलम्वनका लागि विद्युतिय सञ्चारको विकास र विस्तार गर्ने ।<br>८) घरबाट निस्कने तरल तथा ठोस फोहर व्यवस्थापनका बारेमा सैद्धान्तिक तथा व्यवहारीक ज्ञानको अभिवृद्धि गर्ने । | | | | |
| ८ | | गाउँपालिका भित्र विपद प्रतिकार्यका लागी माथी उल्लेखित रणनिती अनुरुपा निम्नानुसार कार्यदल गठन गर्ने :<br>• समन्वय तथा सूचना कार्यदल<br>• खोज तथा उद्धार कार्यदल<br>• प्राथामिक उपचार कार्यदल<br>• क्षति विश्लेषण कार्यदल<br>• राहत वितरण तथा व्यवस्थापन कार्यदल<br>• कृषि तथा खाद्य सुरक्षा कार्यदल | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | जिल्ला विपद व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी र अन्य सरोकारवाला निकाय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● संरक्षण कार्यदल( महिला बालवालिका तथा अपाङ्ग)<br>● स्वास्थ्य तथा पोषण कार्यदल<br>● शिक्षा कार्यदल<br>● गैर खाद्य तथा आपतकालिन आवास कार्यदल। | | | | |
| ९ | सुरक्षित स्थानको वारेमा जानकारी नहुनु | गाउँपालिकाका सवै वडामा विद्को समयमा आवश्यक पर्ने आपत्कालिन व्यवस्थापनका लागि सुरक्षित स्थानको पहिचान गर्ने, सुरक्षित स्थान प्रयोग सम्बन्धी योजना बनाउने | वडा स्तरीय विपद् व्यवस्थापन समिती | स्था.वि.तथा ज.उ समिती/गाउँपालिका तथा रेडक्रस जिल्ला विपद् व्यवस्थान समिति जिल्ला स्थित सुरक्षा निकाय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र |
| १० | मापदण्ड विपरीत भवन निर्माण तथा भवन निर्माण आचार संहिता पालना नहुनु। | १) भवन निर्माण गर्दा मापदण्ड पुराउन लगाउने।<br>२) भवन निर्माण आचार सहिँता कडा रुपमा पालना गराउन लगाउने।<br>३) सडक मापदण्ड र प्राकृतिक स्रोतको मापदण्ड अनुसार संरचना बने नबनेकोनियमित अनुगमन गर्ने गराउने। | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | सहरी विकास तथा भवन डिभिजन कार्यलय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | नियमित |
| ११ | आपतकालीन अवस्थाका आधारभूत आवश्यकता बारेमा सचेतना कमी | विपद्का समयमा अति आवश्यक तथा आधारभूत आवश्यकता परिपूर्तिका लागि चाहिने सामाग्रीको (आवास, स्वच्छता तथा सरफाई, खानेपानी, स्वास्थ्य र संरक्षण) बारेमा सम्भावित प्रतिकार्यमा संलग्नहुने जनशक्तिलाई अभिमुखिकरण गर्ने तथा सामाग्रीको भण्डार गर्ने गराउने। | स्था.वि.तथा ज.उ समिती,गाउँपालिकाको सामाजिक सेवा, महिला तथा बालबालिका, स्वास्थ्य शाखा | वडा स्तरीय विपद व्यवस्थापन समिती रेडक्रस, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, अन्य सरोकारवालाहरु | विकास साझेदार सरकारी तथा गैह् सरकारी निकायहरु | २ वर्ष भित्र |

### ४.१.३ जोखिम न्यूनीकरण :

गेरुवागाउँपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न वडा तथा समुदायहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ। विशेषत गाउँपालिकामा भूकम्प, बाढी तथा डुवान, आगलागी, स्वास्थ्य समस्या (झाडापखला, डेन्गु, प्रजनन स्वास्थ्य समस्या, आँखा तथा छालाजन्य संक्रमण) शितलहर, सडक दुर्घटना, सरसफाईको समस्या, खडेरीको उच्च जोखिम रहेको छ भने हावाहुरी, सर्पदंश, असिना, चट्याङ र कुकुर टोकाईको जोखिम मध्यम रहेको छ तसर्थ जोखिमताको

आधारमा न्यूनिकरणका उपायहरुलाई गाउँपालिकाको विकास योजनासँग एकिकृत गरि संचालन गर्नुपर्ने देखिन्छ । जोखिम न्यूनिकरणका लागि गाउँपालिकाको स्थानिय स्रोत तथा बाह्य निकायहरुसँगको समन्वय तथा आर्थिक सहकार्यमा जोड दिनुपर्ने देखिन्छ । जोखिम न्यूनिकरणका लागि निम्न गतिविधिहरुलाई प्राथमिकताकोआधारमा संचालन गर्दै अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा बजेट | आन्तरिक | बाह्य (सहयोगी) | |
| २ | बाढी/डुवान | १) जिल्ला, भारतसँग नीतिगत तथा कार्यगत सहमतीका लागि संघिय सरकार र प्रदेश सरकारसँग पहल<br>२) पूरानो बाधँहरुको क्षमता विश्लेषण<br>३) नयाँ बाँध र स्परहरुको निर्माण<br>४) वृक्षारोपण<br>५) बाढी पूर्वचेतावनी प्रणालीको स्थापना<br>६) डुवान क्षेत्रमा पानि निकासका लागि नहर तथा कूलोको निर्माण<br>७) सुरक्षित स्थानको पहिचान र व्यवस्थापन | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | ३ लाख<br><br>२ लाख<br>२ करोड<br>५ लाख<br>५० लाख<br><br>१ करोड<br>२० लाख | गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समिति | प्रदेश सरकार,<br><br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | १ वर्ष<br><br>१ वर्ष<br>५ वर्ष<br>१ वर्ष<br><br>२ वर्ष<br>३ वर्ष<br>२ वर्ष |
| १६ | जंगली जनावर | १) वन क्षेत्रमा घेराबार लगाउने,<br>२) वन फडानी तथा चोरी निकासीमा बन्देज,<br>३) जंगली जनावरको आहारजन्य वृक्षारोपण,<br>४) समुदाय तथा बजारक्षेत्र प्रवेश गरेको जनावरहरुलाई जंगलतर्फ धपाउने समूह निर्माण र परिचालन | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | ६लाख | गाउँपालिका कृषि शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | |
| ३ | स्वास्थ्य समस्या | **झाडापखला**<br>१) शौचालय निर्माणमा सहयोग<br>२) आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण र प्रयोग व्यवस्थापन<br>३) खानेपानी परिक्षण तथा शुद्धिकरण<br>४) खुला सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध,<br>५) खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन,<br>६) व्यक्तिगत, वाताबरणीय तथा घरायसी सरसफाई अभियान | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् व्यवस्थापन समिति | ५० लाख | गाउँपालिका, | प्रदेश सरकार,<br><br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | २-५ वर्ष |
| | | **डेन्गु**<br>१) सरसफाई अभियान<br>२) डेन्गुको उच्च जोखिम रहेका क्षेत्रहरुमा प्रतिरोधि औषधी छर्ने<br>३) झुल वितरण<br>४) स्वास्थ्य शिविर तथा सक्रमण रोकथाम अभियान | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् व्यवस्थापन समिति | ५० लाख | गाउँपालिका, | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | १ वर्ष |
| | | **आँखा तथा छाला संक्रमण**<br>१) व्यक्तिगत, वाताबरणी तथा घरायसी सरसफाई अभियान<br>२) स्वास्थ्य शिविर संचालन<br>३) किराजन्य, पानी जन्य रोगको कमिको लागि कार्य | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् व्यवस्थापन समिति | ५० लाख | गाउँपालिका, | प्रदेश सरकार,<br><br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा | १ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गैह सरकारी संस्थाहरु | |
| ४ | आगलागी | १) मौसमी सुचना सम्प्रेषण,<br>२) पूर्वतयारीका लागि सिप तथा सामाग्रीको व्यवस्था,<br>३) पानी संकलन ट्याङ्की निर्माण,<br>४) दमकलको सेवामा वृद्धि,<br>५) आग नियन्त्रणटोली गठन, दक्षता वृद्धि तथा परिचालन | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | १ करोड | गाउँपालिका, जिल्ला स्थित सुरक्ष निकाय | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | २ वर्ष |
| ५ | सरसफाई अभाव | १) सुचना शिक्षा समाग्रीको विकास र वितरण,<br>२) विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br>३) ढल निकास निर्माण तथा नियमित सरसफाई,<br>४फोहर संकलन तथा विर्सजन केन्द्रको स्थापना र परिचालन,<br>५) प्लाष्टिक प्रयोग प्रतिवन्धमा नीतिगत कडाई,<br>६) व्यक्तिगत तथा सामूहिक सरसफाई अभियानको संचालन,<br>७) नीजि तथा सार्वजनिक शौचालय निर्माण तथा प्रयोगमा प्रर्वधन,<br>८) खुला ताल तलैयाको सरसफाई र संरक्षणको व्यवस्था | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | १ करोड | गाउँपालिका, स्वास्थ्य र सामाजिक विकास शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | १ वर्ष |
| ६ | शितलहर | १) मौसमी सुचना प्रणालीको विकास र विस्तार,<br>२) स्थानिय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन<br>३) सामुहिक आगो ताप्ने तथा बसाईलाई तातो पार्ने सामाग्रीको वितरण<br>४) आर्थिक कमजोर भएका बस्ती तथा टोलहरुमा तातो खानेकुराहरु वितरण | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | ६ लाख | गाउँपालिका, स्वास्थ्य र सामाजिक विकास शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | बार्षिक रुपमा |
| ८ | हावाहुरी | १) हावाहुरी प्रतिरोधि संरचना निर्माण सिप विकास,<br>२) बैकल्पिक बालीको विकास,<br>३) मौसमी सुचना प्रणलीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार,<br>४) सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार,<br>५) प्राथमिक उपचार सिप र सामग्रीको व्यवस्था,<br>६) बृक्षरोपण | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | १० लाख | गाउँपालिका, कृषि शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | २ वर्ष |
| १२ | सडक दुर्घटना | १) सामुदायिक तथा विद्यालय कक्षा,<br>२) सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br>३)नीतिगत कार्यान्वयनमा कडाई, ४) सडक स्तरोन्ती तथा नयाँ निर्माण,<br>५)सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना,<br>६)पुर्व तयारी (सिप, साधान र स्रोत) | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका वडा विपद् व्यवस्थापन समिति, शहरी विकास डिभिजन | १ करोड | गाउँपालिका र जिल्ला ट्राफिक कार्यालय | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | ४ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक उपचार, ७)सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार | | | | | |
| १ | भूकम्प | १)कम्तिमा १५० परिवारलाई व्यवस्थापन गर्न सक्ने ३ वटा बाढी तथा भुकम्प प्रतिरोधात्मक सुरक्षित आवस केन्द्रको निर्माण ।<br>२) हरेक भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्पीय दृष्टिकोणबाट सुरक्षित गर्ने ।<br>३) भूकम्प प्रतिरोधी निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने (डकर्मी तथा सिकर्मी तालिम ४ वटा)<br>४) सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी क्षमताको लेखाजोखा तथा विश्लेषण गरी, आवश्यकता अनुसार सवलीकरण गर्ने । | स्था.वि.तथा ज.उ समिती, गाउँपालिका | ६ करोड<br><br>१२ लाख<br><br>२० लाख<br><br>५ करोड | गाउँपालिका, भवन डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ, उद्योग बाणीज्य संघ र अन्य पेशागत संघ संगठनहरु | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह सरकारी संस्थाहरु | ५ वर्ष |

### ४.१.४ आपत्कालीन पूर्वतयारी :

गेरुवा गाउँपालिका भित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्नका लागि विपद् हुनु भन्दा अगावै व्यवस्थापन गरिएको सिप, स्रोत, सामाग्री, र दक्षजनशक्तिको उचित व्यवस्थापन नै पूर्व तयारी अन्तर्गत पर्दछ । विपदका घटनाहरुको प्रकृति अनुसार विपद प्रतिकार्य क्षमता फरक-फरक हुने भएकोले पूर्व तयारी पनि सोही बमोजिम गर्नुपर्ने हुन्छ । जति सवल पूर्व तयारीका कार्यहरु हुन्छ विपद्को प्रभाव त्यही अनुसार कम गर्न सकिन्छ भने प्रभावितको आधारभूत आवश्यकताको पनि सहि समय, गुणस्तर र परिमाणमा परिपूर्ति हुन्छ । यही यर्थाथलाई मध्य नजर गरी गाउँपालिकाको बहुप्रकोप जोखिमका आधारमा गर्नुपर्ने पूर्वतयारीका गतिविधिहरुलाई प्राथमिकताको आधारमा तल उल्लेख गरिएको अनुसार संचालन गरिनेछ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | प्रभावितहरुका लागि तत्कालीन आधारभूत आवश्यकता परिपूर्तिको समस्या | गाउँपालिका र वडा स्तरमा आपत्कालिन कोषको स्थापना, परिचालन नीतिको तर्जुमा र आवश्यकता अनुसार कोषको परिचालन तथा व्यवस्थापन | स्था.वि.तथा ज.उ समिती/ वडा विप्द व्यवस्थापन समिति | गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समति | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष (बार्षिक नियमीत) |
| २ | विपद प्रतिकार्यका लागी दक्ष जनशक्तिको अभाव | सुरक्षा निकायका प्रतिकार्य कर्ता बाहेक समुदाय स्तरमा पनि निम्नानुसार संख्यामा दक्ष जनशक्ति तयार गर्ने :<br>१)गापाका सवै वडामा कम्तीमा ३० जना सामुदायीक खोज तथा उद्धार कर्ता, ३० जना प्रथामिक उपचारकर अन्य आपत्कालीन सरसफाई तथा स्वच्छता, खानेपानी ब्यवस्थापन, स्वास्थ्य र संरक्षण सम्वन्धि स्वंयम सेवक समूह तयार गर्ने । | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | DDMC नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय र गाउँपालिकाको सामाजिक विकास र स्वास्थ्य शाखा | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | २ वर्ष भित्र |
| ३ | विपद् प्रतिकार्य सामाग्री व्यस्थापन तथा राहत भण्डारण नुहुन | गाउँपालिका तह र सवै वडामा विपद् प्रतिकार्य सामाग्री राख्ने र राहत व्यवस्थापनका लागी गाउँपालिकाको उपयुक्त स्थान पहिचान गरी सामाग्री सहित गोदाम घरको व्यस्थापन गर्ने । | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | सुरक्षा निकाय/ नेपाल रेडक्रस सोसाइटी र गाउँपालिका | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ४ | राहतको आवश्यकता | १) राहत व्यवस्थापनलाई प्रवाभकारी बनाउने ।<br>२) कम्तीमा २०० परिवारका लागी आवश्यक खाद्य तथा गैर खाद्य सामाग्री, अस्थायी आवास सामाग्री, स्वच्छता | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | DDMC, नेपाल रेडक्रस सोसाइटी | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा सरसफाई सामाग्री, खानेपानी व्यवस्थापन सामाग्री, स्वास्थ्य र संरक्षणका सामाग्रीहरुको भण्डारण | | | | |
| ४) | आवासमा क्षेती | आपतकालिन सेल्टरको व्यवस्था गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | DDMC, नेपाल रेडक्रस सोसाइटी | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | २ वर्ष |
| ५) | समन्वयमा समस्या | जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकाय संग समन्वयका संयन्त्र निर्माण गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | DDMC | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | नियमित |
| ६) | क्षमता विश्लेषण समस्या | पालिका क्षेत्र भित्र कार्यरत निजी क्षेत्र, उद्योग वाणिज्य संघ,उद्योगी व्यापारीको लागत संकलन गर्ने र उनीहरु संहयोगका लागी अपिल गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | DDMC | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ७ | आपत्कालीन आश्रयस्थलको समस्या | पालिकामा भएको सामुदायिक भवन, खुल्ला चौर, अग्लो स्थान, धर्मशाला, मठमन्दिरहरुको क्षमता विश्लेषण गरी आपत्कालिन आश्रयस्थलको रुपमा विकास प्रचार प्रसार र व्यवस्थापन गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती, | DDMC, सुरक्षा निकायहरु, सामाजिक अगुवहरु | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |

### ४.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म) :

गेरुवा गाउँपालिकाभित्र कुनै पनि समयमा विपद् परेमा प्रभावित खोज, उद्धार, स्वास्थ्य सुरक्षा, जीवन रक्षा र सम्पत्ति संरक्षणका लागि आपत्कालीन समयमा घाइते तथा विरामीहरुको उद्धार तथा प्राथमिक उपचार र आवश्यकता अनुसारको विशिष्ट उपचार, मृतकहरुको उचित दाह संष्कार, हराएकाहरुको खोजि कार्य तथा पारिवारीक सर्म्पक, तत्कालिन गैह्र खाद्य सामाग्रहरुको व्यवस्था र अस्थायी आवास, खाद्य व्यवस्थापन, स्वास्थ्य सेवा, खानेपानी, सरसफाई र स्वच्छताको प्रवन्ध, संरक्षण जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नुपर्ने हुन्छ जसलाई प्रतिकार्य भनिन्छ स यसै अवस्थाको आंकलन गरी गाउँपालिकाको बहुप्रकोपको अवस्था विश्लेषणको आधारमा निम्नानुसारको प्रतिकार्य योजनाको निर्माण गरिएको छ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | घाइते, मृत्यु, सर्म्पक विच्छेद, भौतिक तथा आर्थिक क्षती, तहनहस, हतास, त्रासको अवस्था हुन्छ । | आफु, समुदाय सुरक्षित भए नभएको एकिन गर्ने । समुदाय तथा स्थानिय विपद् व्यवस्थापन समिति र सुरक्षा निकायमा मा खवर गर्ने । | व्यक्ति तथा समुदाय, वडा विपद् व्यवस्थापन समिति, स्थानिय सुरक्षा निकाय | पालिका तथा जिल्ला स्तरीय विपद व्यवस्थापन समिति | | ० देखि १ घण्टा भित्र |
| १ | घाइते, मृत्यु, सर्म्पक विच्छेद, भौतिक तथा आर्थिक क्षतीको अवस्था हुन्छ । | प्रारम्भिक द्रुत लेखाजोखा गर्ने र सुचना प्रवाह गर्ने, खोज तथा उद्धार तथा प्राथामिक उपचार गर्ने | समुदाय तथा उद्धार कर्ता र प्राथामिक उपचारक | विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रसका निकायहरु | | ० देखि ७ घण्टा भित्र |
| १ | घरवार विहिन तथा पारिवारिक सर्म्पक विच्छेद | अस्थायी आवसको व्यवस्थापन गर्ने, प्रभावितहरुलाई सुरक्षित स्थानमा सार्ने । | स्था.वि तथा जउस, गाउँपालिका | जिल्ला विपद् व्यवस्थान समिती, नेपाल रेडक्रस, सुरक्षा निकाय | | ०-२४ घण्टा भित्र |
| १ | मृत शरिरहरु हुन्छ | मृतकको पहिचान र परिवारलाई हस्तान्तरण | स्था.वि तथा जउस, गाउँपालिका | DDMC,सुरक्षा निकाय, स्वास्थ्य शाखा | | ०-२४ घण्टा भित्र (अवस्था अनुसार) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | तत्कालिन आहरको समस्या | तयारी खानेकुराहरुको वितरण | स्था.वि तथा जउस, गाउँपालिका, वडा विपद् ब्यवस्थापन समिति | स्थानीय विपद व्यवस्थापन समिती | | ०-२४ घण्टा भित्र |
| ३ | मनोवैज्ञानिक असर | मनोसामाजिक सहयोग गर्ने (सबै वडामा मानोसमाजिक विमर्शकर्ता उत्पादन गर्ने ) | मनोविमर्श कर्ता | महिला तथा बालवालिका शाखा | | ०-२४ घण्टा भित्र आवश्यकता अनुसार |
| १ | भौतिक तथा आर्थिक क्षतीको अवस्था हुन्छ। | क्षेतिको थप विवरण संकलन गर्ने र राहत वितरण कार्यलाई व्यवस्थित गर्ने | स्था.वि तथा जउस, गाउँपालिका, वडा विपद् ब्यवस्थापन समिति, | DDMC, सुरक्षा निकाय, विषयगत शाखा | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | २४ देखि ४८ घण्टा भित्र |
| २ | क्षेतीको यथार्थ विवरण थाहा नहुन | क्षेतीको यथार्थ विवरण संकलन गर्ने प्रभावितहरुको दर्ता तथा लाभान्वित कार्डको वितरण | जिल्ला विपद् व्यवस्थापन समिती | DDMC, सुरक्षा निकाय, विषयगत शाखा | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | ४८ देखि ७२ घण्टा भित्र |
| ३ | भौतिक संरचानहरुको क्षतीको अवस्था | भौतिक पुर्वाधारको लगत संकलन गर्ने | गाउँपालिका | DDMC, सुरक्षा निकाय, विषयगत शाखा | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | ४८ देखि ७२ घण्टा भित्र |
| १ | आधारभूत आवश्यकताको परिपूर्तिमा समस्या अभाव | अस्थायी आवासमा स्थान्तरण र राहत वितरण कार्य (अस्थायी आवास सामाग्री, शर्त सहित तथा शर्त रहित नगद वितरण, खानेपानीको ब्यवस्थापन, सरसफाई स्वच्छताको ब्यवस्था, स्वास्थ्य सेवाको ब्यवस्था, संरक्षणको सामाग्री तथा ब्यवस्थापन) | गाउँपालिका | DDMC, सुरक्षा निकाय, विषयगत शाखा | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | ४८ देखि ७२ घण्टा भित्र ( विपद्को प्रभाव र आवश्यकता को आधारमा ३ महिनासम्म ) |

### ४.३ विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू (विपद समयका प्रतिकार्यका कार्यहरु सकिएपछि ३ महिना देखि २ वर्ष सम्म) :

विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुन:स्थापना गर्न, क्षतिग्रस्त भौतिक संरचनाको मर्मरत-सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक क्रियाकलापलाई समेटेर निम्नबमोजिमको विपद् पश्चात्का पुर्नलाभका गतिविधिहरु संचालन गर्नका लागि योजना निर्माण गरिएको छ।

| प्राथमिकता क्रम | सम्भावित समस्या | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | घरहरु निर्माणमा समस्या | विपद्को समयमा पुर्णक्षेती भएको र आफै घर निमाण गर्न नसक्नेहरुको लागी घर पुन: निर्माणमा सहयोग गर्ने । | गाउँपालिका | DDMC भवन निर्माण कार्यालय | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | १ वर्ष भित्र |
| २) | भौतिक पुर्वाधारमा क्षेती | विपद् प्रभावितहरुको सहभागीतामा कामका लागि नगद/श्रमदान मार्फत विपदले विगारेका ग्रामीण सडक, सिचाई कुलो, कल्भर्ट, विद्युत, पुल, आवासिय घर, विद्यालय सार्वजनिक भौतिक संरचनाहरु आदि मर्मत गर्ने | गाउँपालिका तथा स्थानिय विपद व्यवस्थापन समिती | जिल्ला विपद् व्यवस्थापन समिति, सरोकार वाला सबै | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | २ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३) | स्वास्थ्य समस्या | विपद् प्रभावितहरुको स्वास्थ्य परिक्षणका लागि घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने । | स्थावि तथा जउ समिती/ गाउँपालिका स्वास्थ्य शाखा | जिल्ला विपद् व्यवस्थापन समिति, पेशागत स्वास्थ्य संस्था | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | समय समयमा आवश्यकता अनुसार |
| ४) | जिविको पार्जनमा समस्या | विपद् प्रभावित क्षेत्रमा भएका समुदायको जिविकोपार्जनका लागि सिप विकासका कार्यहरु, बजार व्यवस्थापन, कामका लागि नगद, फलफुल खेती, केरा खेती एवम् तरकारी खेती र पशुपालन तथा अन्य व्यवसाय संचालन जस्ता योजनाहरु सञ्चालन गर्ने । | गाउँपालिकाको कृषि तथा व्यावासय शाखा | जिल्ला विपद् व्यवस्थापन समिति, सरोकार वाला सवै | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | ३ वर्ष आवश्यकता अनुसार |
| ५) | संकटासन्न अवस्थामा वृद्धि | विपद् जोखिम न्यूनिकरणका उपायहरुमा संचालन | स्थावि तथा जउ समिती/ गाउँपालिका सामाजिक सेवा शाखा | जिल्ला विपद् व्यवस्थापन समिति, सरोकार वाला सवै | मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहरु | ३ वर्ष आवश्यकता अनुसार |

### ४.४ स्थानीय विपद्तथा जलवायु उत्थानशील समितिको संरचना, काम, कर्तव्य तथा अधिकार (LDCRP निर्देशिकाको अनुसूची-१ दफा १.२ अनुसार)

| क्र. सं. | प्रतिनिधित्व | पद | कैफियत |
|---|---|---|---|
| १. | नगरपालिका/गाउपालिकाका प्रमुख-१ ज्ना | अध्यक्ष | नगरपालिका तथा गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको संरचनामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछन् । समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि बढीमा तीन वर्षको हुने व्यवस्था मिलाउनु पर्नेछ |
| २ | नगरपालिका/गाउपालिकाका उप-प्रमुख-१ ज्ना | सदस्य | |
| ३ | वडाध्यक्ष सबै | सदस्य | |
| ४ | नगर/गाउँ कार्यपालिका महिला, दलित, अल्पसंख्यक सदस्यहरु | सदस्य | |
| ५ | सूरक्षा निकायका प्रमुखहरु | सदस्य | |
| ६ | नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, उद्योग बाणिज्य सँघको तर्फबाट-५ जना (नगरपालिका/गाउँपालिका परिषद्ले मनोनित गरेका ५ जना जसमा महिला, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, र दलितलाई प्राथमिकता दिनुपर्नेछ) | सदस्य | |
| ७ | स्थानीयस्तरमा उपलब्ध विपद व्यवस्थापन सम्बन्धी विज्ञमध्ये नगरपालिका/गाउँपालिकाले मनोनयन गरेको-२ जना | सदस्य | |
| ८ | नगरपालिका वा गाउँपालिकाका कार्यकारी वा निजले तोकेको पदाधिकारी | सदस्य सचिव | |

### ४.५ समुदाय विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तव्य र अधिकार :

- नगरपालिका तथा गाउँपालिका क्षेत्रको विपद्तथा जलवायु उत्थानशील योजनाकोतर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरुलाई ध्यान दिनु पर्ने,

- गाउँपालिका तथा नगरपालिकाको वडाहरुमा वडास्तरीय र समुदायस्तरमा सामुदायिक विपद तथा जलवायू उत्थानशील समितिको गठन गर्ने र स्थानीयतहमा गठन हुने विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुर्‍याउने,
- नगरपालिका तथा गाउँपालिका स्तरका कर्मचारी, समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद तथा जलवायु उत्थानशीलता सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- विपद् व्यवस्थापनका लागि स्थानीयस्तरमा विपद तथा जलवायु उत्थानशील कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- बिकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापन तथा जलवायु अनुकूलनलाई मूलप्रवाहिकरण गर्ने,
- विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- सँघ तथा प्रदेशस्तरबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरु कार्यान्वयन गर्ने, गराउने,
- सूरक्षित विद्यालय तथा अस्पतालका लागि विपद जोखिम न्यूनिकरण तथा जलवायुपरिवर्तन अनुकुलनका कार्यक्रमहरु योजनामा समावेश गर्ने
- विपद तथा जलवायु उत्थानशील योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरुप संकटासन्न वडा र समुदायहरुमा विपद् तथा जलवायु उत्थानशील समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरु गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- विपद् प्रभावित क्षेत्रमा उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- नगरपालिका तथा गाउँपालिकाका लागि विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी आवश्यक नीति, निर्देशिका तथा कार्यविधी तयार गर्ने,
- विपद तथा जलवायुपरिवर्तनको प्रभावबाट विस्थापित समुदायलाई पुनःस्थापन गर्न वातवरण तथा विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने
- नगरपालिका तथा गाउँपालिका स्तरको प्रकोप तथा जलवायुजन्य जोखिम नक्सांकन गर्ने
- विपद्तथा जलवायु उत्थानशीलता सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने, गराउने,
- विपद्तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन निम्न अनुसारका अन्तर्निहित क्षेत्रलाई प्राथमिकतामा राख्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, बालबालिका, ज्येष्ठ नागरिक, अपङ्गता भएका व्यक्ति तथा संस्थाको प्रतिनिधि तथा सीमान्तिकृत समुदायको पहुँच, जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच, प्रभावित समुदायको मानवअधिकारको संरक्षण, प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता गर्ने
- स्थानीय शासन ऐन तथा प्रचलित नेपाल कानुन बमोजिम सँघीय तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, अन्य स्थानीय तह स्थानीय स्तरमा कार्यरत राष्ट्रिय तथाअन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने ।

**४.६ पूर्वतयारी तथा प्रतिकार्यको लागि कार्यदलको काम, कर्तव्य तथा अधिकार :**

गाउपालिकाकाका कार्यदलले विपद्को प्रभावकारी समन्वयात्मक प्रतिकार्यका लागि आ–आफ्नो तहबाट तयारी अवस्थामा रहनेछन् र एकआपसमा तथा आवश्यकता अनुसार जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, सुरक्षा निकाय, रेडक्रस तथा जिल्ला विपद् व्यवस्थापन समिति मातहतका विभिन्न विषयगत क्षेत्रहरु (क्लष्टर) सँग समन्वय गर्दै विपद्को पूर्वसूचना, खोज उद्धार, प्राथमिक उपचार, क्षति तथा आवश्यकता विश्लेषण, राहत वितरण, मनोवैज्ञानिक परामर्श लगायतका कार्यमा योगदान दिनेछन् ।

| **१.सूचना तथा पूर्वचेतावनी कार्यदल** | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात्** |
| • पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम र अन्य स्रोतबाट प्राप्त  सूचना प्राप्त गर्ने<br>• पूर्वचेतावनी प्रणालीको स्थापनाका लागि जिविस, गाविस, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयसँग समन्वय गर्ने<br>• उपलब्ध पूर्वचेतावनी प्रणालीको सुरक्षा र संरक्षण गर्ने<br>• विपद्सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला निकायमा विपद्बारे सही जानकारी दिने<br>• समुदायसँग नियमित छलफल गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिमा प्रतिवेदन नियमित रुपमा दिने<br>• सञ्चारमाध्यम, पत्रकार महासङ्घ, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने काम गर्ने<br>• विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानबर्द्धक सामग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने<br>• आपत्कालीन समयमा चाहिने निकायको फोनको सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने<br>• जनचेतना अभिवृद्धिका सामग्री जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने<br>• सूचना प्रबाह र प्राप्तिको भरपर्दो संयन्त्रका लागि जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जल तथा मौसम बिभागका स्टेसनहरु, स्थानीय तहमा समुदाय आफैले संचालन गरेका स्टेसनहरु विचमा नियमित छलफल, बैठक, अनुगमन गर्ने र आवश्यकता अनुसार सूचना आदान प्रदान संयन्त्रमा परिमार्जन गर्ने । | • विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने<br>• यस्तो सूचना जिल्ला आप्तकालीन कार्यसंचालन केन्द्र, स्थानीय प्रहरी, जिल्ला प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, गाविस, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने<br>• विपद्सम्बन्धी सम्पूर्ण जानकारी जानकारी स्थानीय विपद् व्यवस्थापन समितिमार्फत्, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई दिने<br>• विपद्बारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने | • क्षति विश्लेषण कार्यदलबाट भएको कार्य र क्षतिको अवस्थाको जानकारी लिने<br>• विपदपछि उत्पन्न भएको थप सङ्कटासन्नता  र जनजीवनमा परेको असरको समीक्षा गर्ने<br>• जनजीवनमा परेको असरअनुसार पूर्वतयारीका कार्यलाई निरन्तरता दिने ।<br>• पुर्व सुचना प्रणालि संग सम्बन्धित संरचनागत पुजिमा भएको क्षतिको मर्मत संभार गर्ने र थप संरचनाको आवश्यकता भएमा पहल गर्ने ।<br>• स्थापित संयन्त्रमा भएका कमि कमजोरिमा सुधार ल्याउन पहल गर्ने । |
| **२. खोज तथा उद्धार कार्यदल** | | |
| • विपद्बाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने<br>• उद्धारका लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्त गर्न स्थानीय प्रहरी, नेपाली सेना, जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सहयोग माग गर्ने<br>• उद्धारका लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने<br>• बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरूको सम्पर्क नम्बर अध्यावधिक राख्ने<br>• उद्धारकर्मीका लागि तालिमको व्यवस्था गर्न गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने | • विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने<br>• सूचना तथा पूर्वचेतावनी कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने<br>• महत्वपूर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने<br>• समुदायमा रहेका महिला, अपाङ्ग, बृद्ध, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी मूल समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने । | • उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी मूल समितिलाई दिने<br>• विपद्मा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी मूल समितिमार्फत सुरक्षा निकाय र गाविसलाई उपलब्ध गराउने<br>• उद्धार समाग्री पुनः यथास्थानमा राख्ने |
| **४. प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइ कार्यदल** | | |

| | | |
|---|---|---|
| • विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने<br>• विपद् नभएमा प्राथमिक उपचार सामग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुनः नयाँ सामग्री तयारी अवस्थामा राख्ने<br>• स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामग्री माग गर्ने<br>• स्थानीय तहमा एमबुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने<br>• स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुन सक्ने महामारी समस्याबारेमा जनचेतना अभिवृद्धि गर्ने<br>• जनचेतना अभिवृद्धिको लागि जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्यसंस्थासँग सहयोग माग गर्ने<br>• स्वयंसेवकहरूलाई विपद् र महामारीबारे अभिमुखीकरण गर्ने | • घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने<br>• घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्यसंस्थामा पठाउने | • विपद्पछि फोहोरमैला व्यवस्थापनका कार्य गर्ने<br>• विस्थापित बसेको स्थानमा सरसफाइका कार्यलाई नियमित रूपमा सञ्चालन गर्ने<br>• महामारीजन्य रोगहरूको नियमित निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने<br>• स्वास्थ्य, सरसफाइ र जनस्वास्थयसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने |
| **५. क्षति तथा आवश्यकता विश्लेषण कार्यदल** | | |
| **क्षति विश्लेषण**<br>• विपदपूर्व नै जनधनको हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने ।<br>• सम्भाव्य क्षति विश्लेषण नमुना फाराम तयार गर्ने ।<br>• क्षति विश्लेषण स्वयंसेवकहरूलाई तालिम दिने ।<br>• क्षति विश्लेषण स्वयंसेवकहरूलाई तयारी अवस्थामा राख्ने । | • क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने<br>• उपलब्ध सूचनाका आधारमा सहयोगका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने । | • क्षतिको विस्तृत विश्लेषणका लागि सङ्कलन गर्ने ।<br>• गरिएको कामको समिक्षा गरी कमी कमजोरीहरूलाई पत्ता लगाउने । |

## अनुसूचीहरु :

१. सहभागितामूलक क्षमता तथा सङ्कटासन्नता विश्लेषणको संक्षिप्त प्रतिवेदन (क्षमता तथा सङ्कटासन्नता नक्साङ्कन, प्रकोप नक्साङ्कन तथा स्तरीकरण, ऐतिहासिक समय रेखा,प्रकोप पात्रो, समस्या वृक्ष विश्लेषण, रोटी चित्र आदि)
२. बैठक तथा गोष्ठीका सहभागीहरूको विवरण र निर्णय
३. स्थानिय विपद् तथा जलवायू उत्थानशिल समितिको विवरण
४. सुरक्षित आश्रय स्थल/खुला स्थान विवरण
५. शव दाह स्थानहरुको विवरण
६. बिस्तृप्त लेखाजोखा फारम
७. प्रारम्भिक द्रुतलेखाजोखा फारम

अनुसूची ०० स्थानिय विपद् तथा जलवायू उत्थान समिति (LDCRC) को विवरण :

| क्र.स | नाम | निकाय | पद | |
|---|---|---|---|---|

अनुसूची ०० स्थानिय विपद् तथा जलवायू उत्थान समितिको विवरण :

| | | | | |
|---|---|---|---|---|
| १. | जमान सिंह के.सी. | गेरूवा गाउँपालिका | अध्यक्ष | LDCRC संयोजक |
| २. | हिमा कुमारी थारू | गेरूवा गाउँपालिका | उपाध्यक्ष | LDCRC सदस्य |
| ३. | दयाराम बैध थारू | वडा नं. १ कार्यालय | वडा अध्यक्ष | LDCRC सदस्य |
| ४. | आलोक कुमार थारू | वडा नं. २ कार्यालय | वडा अध्यक्ष | LDCRC सदस्य |
| ५. | पुनाराम थारू | वडा नं.३ कार्यालय | वडा अध्यक्ष | LDCRC सदस्य |
| ६. | बल बहादुर चलाउने | वडा नं. ४ कार्यालय | वडा अध्यक्ष | LDCRC सदस्य |
| ७. | धर्म प्रकाश थारू | वडा नं.५ कार्यालय | वडा अध्यक्ष | LDCRC सदस्य |
| ८. | अमित कुमार खड्का | वडा नं. ६ कार्यालय | का. वडा अध्यक्ष | LDCRC सदस्य |
| ९. | - | इप्रका पाताभार | प्र. नि. | LDCRC सदस्य |
| १०. | तेज राज बजगाइ | गेरूवा उ. बा. सं. | सदस्य | LDCRC सदस्य |
| ११. | डिल बहादुर बि.सी. | रेडक्रस गेरूवा उपशाखा | सदस्य | LDCRC सदस्य |
| १२. | - | बन्जरिया रेन्ज पोष्ट, ब.रा.नि. | सदस्य | LDCRC सदस्य |
| १३ | कासी पंगेनी | गेरूवा गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | LDCRC सदस्य |
| १४. | प्रकाश शर्मा | गेरूवा गाउँपालिका | विपद सम्पर्क व्यक्ति | सदस्य-सचिव |

**गाउपालिकाकाको प्रतिकार्य योजना :**

| समयावधि | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | प्रक्रिया | प्रतिफल | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | वाह्य |
| ० देखि १ घण्टा भित्र | प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण | पूर्व सूचना कार्यदल, प्रभावित समुदाय र स्थानीय र सामुदायिक विपद् तथा जलवायू उत्थानशील समिति | | | | |
| ० देखि १ घण्टा भित्र | स्थानीय तथा सामुदायिक विपद् तथा जलवायू उत्थानशील समितिको वैठक | समितिका पदाधिकारीहरु | | | | |
| ० देखि २४ घण्टा भित्र | स्थानीय र सामुदायिक कार्यदलहरुबाट उद्दार कार्य | खोज उद्धार तथा प्राथमिक उपचार कार्यदल | | | | |
| ० देखि २४ घण्टा भित्र | खोज उद्धार र प्राथमिक उपचारका लागि थप सहयोग आवश्यक भएमा जिल्ला विपद् व्यवस्थापन समिति , रेडक्रस, सुरक्षा निकायलगायतसँग समन्वय गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ० देखि २४ घण्टा भित्र | घाइते, हराइरहेका तथा विस्थापितको सूची अद्यवधिक राख्ने तथा द्रुत सर्वेक्षण तथ्याङ्क संकलन | जिल्ला विपद् व्यवस्थापन समिति, | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा भित्र | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री तथा अस्थायी वसोवासको प्रबन्ध गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ० देखि २४ घण्टा भित्र | समुदायलाई सचेत गराउन जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदिबाट प्राप्त तथ्यगत पूर्वसूचना, आपत्कालीन चेतावनी, जोखिम बढेको वा घटेको, भएगरेका उद्धार प्रयासहरु, अपनाउनु पर्ने सावधानीहरु तथा सार्वजनिक आह्वान विषयक सूचनाहरु आवश्यकता अनुसार नियमित प्रवाह गर्ने । | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | प्रभावित परिवार को दर्ता तथा खोजी कार्य, प्रभावित परिवारलाई पहिचान पत्र ( टोकन) वितरण र तथ्यांक व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | आवास तथा गैरखाद्य सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | खानेपानी तथा सरसफाइ सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | खाद्य व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ घण्टा देखि ४८ घण्टा भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र संरक्षण कार्यदल | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | स्वास्थ्य तथा पोषणसम्बन्धी प्रतिकार्य | स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समिति | | | | |
| ४८ देखि ७२ घण्टा भित्र | पानी शुद्धिकरणका लागि अपुग सामग्रीको लेखाजोखा र व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ४८ देखि ७२ घण्टा भित्र | महामारी नियन्त्रणका लागि फोहर व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ४८ देखि ७२ घण्टा भित्र | स्फियर मापदण्डअनुसार खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, महिलाका लागि आवश्यक पर्ने स्वास्थ्य प्रबर्द्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ४८ देखि ७२ घण्टा भित्र | खाद्य सामग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | आपत्कालीन शिक्षाको व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र सम्बन्धित विद्यालय | | | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी थप प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र संरक्षण कार्यदल | | | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र जिल्ला विपद् व्यवस्थापन समितिले खटाएको टोली | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ घण्टा देखि ७ दिन भित्र | शव व्यवस्थापन तथा मृतक परिवारलाई आर्थिक सहयोग | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र जिल्ला विपद् व्यवस्थापन समिति, | | | | |
| ७ दिन देखि २ साता भित्र | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिको बैठक | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ७ दिन देखि २ साता भित्र | विभिन्न क्षेत्रमा भएको आवश्यकता र खाडलका आधारमा थप प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | | | | |
| ७ दिन देखि २ साता भित्र | मनोसामाजिक परामर्श | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र संरक्षण कार्यदल | | | | |



बर्दिया बाढी पूर्व सूचना सञ्चार प्रणाली २०७७
जल तथा मौसम विज्ञान विभाग टोल फ्रि नम्बर ११५५
www.hydrology.gov.np
बाढी पूर्वानुमान शाखा, काठमाडौ
०१४-४४८२३६
मध्य तथा सुदूर पश्चिम क्षेत्रिय हावापानी कार्यालय, सुर्खेत
०८३-५२३५१९
कर्णाली बेसिन कार्यालय, बाके
०८१-५२२१२४, ९८५८०२४३४६
जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया
०८४ -४२०१३३,
प्र.जि.अ. ९८५८०३७७७७
जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र
०८४-४२०९९९, टोल फ्रि नं.१६६०-८४-४२९९९
राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र
११४९, ०१-४२००२५७
प्रदेश सुचना केन्द्र
०७१ ५४९६६२
जिल्ला समन्वय समिति, बर्दिया
९८५८०५४३१३, ९८५८०६२२२२, ९८५८०२४४८४
०८४-४२०१४७, ०८४-४२०१८५
अ.प्रहरी चौकी चेपाङ्
९८६९५४७६७०
नेपाली सेना चेपाङ्
९८६८५२५८२३
ई.प्र.का चिसापानी
०९१४४१४०४३
जल मापन केन्द्र, चिसापानी
जल मापन केन्द्र, चेपाङ्
जल मापन केन्द्र, छुडाबारी
मैनापोखर ९८४८०८६३३१
गुलरिया
सुरक्षा निकाय
जि.प्र.का बर्दिया
स.प्र. बल नेपाल
मेरदप्रसाद गण सुरक्षा गुल्म गुलरिया
शिव दल गण ठाकुरद्वारा
स्थानीय सुरक्षाकर्मी
ई.प्र.का बगनाहा
ई.प्र.का बनियाभार
ई.प्र.का जयनगरा
ई.प्र.का सानोश्री
प्र.चौ महम्मदपुर
सि.प्र.चौ मधुरा
प्र.चौ सुरजपुर
BOP फुटाहा
BOP कल्लुवाजार
BOP राजापुर
BOP धनौरा
स्थानीय सुरक्षाकर्मी
ई.प्र.का राजापुर ९८५८०२०५३० ०८४-६०१९९
ई.प्र.का पातभार ९८५८०२०१११
प्र.चौ मनाऊ ९८५८०२०५२२
प्र.चौ खैरीचन्दनपुर ९८५८०२०५२०
प्र.चौ. ओडियाना ९८५८०२०५०१
प्र.चौ. कोठियाघाट ९८५८०२०५२५
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, बर्दिया
रेडक्रस उपशाखाहरु
ठाकुरबाबा
बारबर्दिया
गुलरिया क
गुलरिया ख
बाँसगढी
बढैयाताल
मधुवन क
मधुवन ख
राजापुर क
राजापुर ख
गेरुवा
संचार माध्यम
स्रोत केन्द्र
विद्यालय
विषयगत कार्यालयहरु
रेडियो
बबई एफ.एम.
रामजानकी एफ.एम.
रेडियो गुरुबाबा एफ.एम.
टाईगर एफ.एम.
साथी एफ.एम.
संकेत
बबई नदी
कर्णाली नदी
जिल्ला स्तरीय
राष्ट्रिय तथा क्षेत्र स्तरीय
कर्णाली नदी
बबई नदी
५ मि.
५.५ मि.
६.१ मि.
सतर्क
तयार
सुरक्षित
९ मि.
१० मि.
१०.८ मि.
सतर्क
तयार
सुरक्षित
लक्षित समुदाय बबई
गुलरिया नगरपालिका
बारबर्दिया नगरपालिका
ठाकुरबाबा नगरपालिका
लक्षित समुदाय कर्णाली
राजापुर नगरपालिका
गेरुवा गाउँपालिका
मधुवन नगरपालिका
actionaid NEPAL
Nepal Red Cross Society